# कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

बन्दना चौहान
त्रि.वि.दर्ता नं  ६-१-२२२-२-२००४
दोस्रो वर्षको परीक्षा क्रमाङ्क २१८००२३
शैक्षिक वर्ष २०६७/०६८

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत जनता
बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग
स्नातकोत्तर तह (एम.एड) द्वितीय
वर्षको नेपा.शि.५९८ को
प्रयोजनार्थ
प्रस्तुत

**शोधपत्र**

**ई. २०१४/२०७१**

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

# (४५) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

बन्दना चौहान
त्रि.वि.दर्ता नं  ६-१-२२२-२-२००४
दोस्रो वर्षको परीक्षा क्रमाङ्क २१८००२३
शैक्षिक वर्ष २०६७/०६८

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत जनता
बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग
स्नातकोत्तर तह (एम.एड) द्वितीय
वर्षको नेपा.शि.५९८ को
प्रयोजनार्थ
प्रस्तुत

**शोधपत्र**

ई. २०१४/२०७१

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन - २०७१
४५
बन्दना चौहान

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत एम.एड दोस्रो वर्षकी छात्रा बन्दना चौहानद्वारा नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्र स्नातकोत्तर तहको उपाधिका निम्ति उपयुक्त देखिएकाले बाह्य मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति २०७०/१२/१९

उपप्रा. मदनराज बराल
(शोध निर्देशक)

# कृतज्ञता ज्ञापन

शोधकार्य एक गहन र जटिल कार्य हो । शोधकार्य पूरा गर्नका लागि परिश्रम र धैर्यको आवश्यकता पर्ने कुरा अनुसन्धानका क्रममा महसुस गरेको छु । प्रस्तुत **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** शीर्षक शोधपत्र अध्ययनका लागि मैले धेरै विद्वान्वर्गबाट पर्याप्त सहयोग पाएकी छु । सर्वप्रथम यस शोधपत्र तयारीका क्रममा अति व्यस्तताको समयमा पनि अमूल्य सहयोग दिई शोधपत्रको प्रारम्भदेखि हालसम्म उत्साहवर्धक प्रेरणा, कुशल निर्देशन तथा आवश्यक सुझावहरू दिनुहुने जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागका विभागीय प्रमुख तथा मेरा शोध निर्देशक श्रद्धेय गुरुवर मदनराज बरालज्यू प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यसरी नै यस अध्ययनलाई सफल पार्नका लागि विद्यालयको तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने सबै विद्यालयका विद्यालय परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा जुनसुकै तह र तप्काबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण गुरुजन, मित्रवर्ग तथा शुभेच्छुकहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै तथ्याङ्क सङ्कलनका क्रममा सहयोग गर्ने मेरा पति रमेशप्रसाद भण्डारी प्रति म आभारी छु । त्यसैगरी शोधपत्र तयारीमा उचित वातावरण तयार गर्न सहयोग पुऱ्याउने मेरा पुजनीय पिता गजेन्द्र चौहान, माता हिरादेवी चौहान र दिदी कविताप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा शोधपत्र निर्माणका निम्ति कम्प्युटर टाइप तथा प्रिन्ट कार्यमा अमूल्य सहयोग पुऱ्याउने नेहा कम्प्युटर्स इटहरी-५ की रञ्जना अधिकारीलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

बन्दना चौहान
(शोधार्थी)

## तालिकासूची


| तालिका नं. | तालिका शीर्षक | पेज नं. |
| --- | --- | --- |
| 1 | प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति | 25 |
| 2 | मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति | २६ |
| 3 | प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति | २७ |
| 4 | मध्यमान र मानक विचलनका आधारमा दृष्टांश पठनबोध क्षमताको स्थिति | २७ |
| 5 | प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति | २८ |
| 6 | मध्यमान र मानक विचलनका आधारमा अदृष्टांश पठनबोध क्षमताको स्थिति | 29 |
| 7 | समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना | 29 |
| 8 | समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति | 31 |
| 9 | मध्यमान र मानक विचलनका आधारमा समूहगत दृष्टांश पठनबोध क्षमताको स्थिति | 34 |
| 10 | मध्यमान र मानक विचलनका आधारमा समूहगत अदृष्टांश पठनबोध क्षमताको स्थिति | 37 |
| 11 | पठनबोध क्षमता लैङ्गिक आधारमा छात्र र छात्राबीच तुलना | 40 |
| 12 | पठनबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थी बीच तुलना | 41 |
| 13 | पठनबोध क्षमतामा विद्यालयको प्रकृतिका आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीबीच तुलना | 42 |
| 14 | पठनबोध क्षमता जातीयताका आधारमा विभिन्न जातिका विद्यार्थी बीच तुलना | 43 |

# विषयसूची


| विवरण | पेज नं. |
|---|---|
| **अध्याय-एक** | |
| १. शोध परिचय | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | १ |
| १.३ शोधका उद्देश्यहरू | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ अध्ययनको औचित्य र महत्त्व | ५ |
| १.६ अध्ययनको सीमा | ६ |
| १.७ शोध विधि | ६ |
| १.७.१ जनसङ्ख्या | ६ |
| १.७.२ प्रतिनिधि नमुना छनोट | ७ |
| १.७.३ सामग्री निर्माण | ७ |
| १.७.४ परीक्षा सञ्चालन | ७ |
| १.७.५ परीक्षण र तथ्याङ्क सङ्कलन | ८ |
| १.८ शोधपत्रको रूपरेखा | ८ |
| **अध्याय-दुई** | |
| २. पठनबोधको सैद्धान्तिक परिचय | ९ |
| २.१ बोधको परिचय | ९ |
| २.२ बोधका प्रकार | १० |
| २.२.१ श्रुतिबोध | १० |
| २.२.२ पठनबोध | १२ |
| २.३ पठनबोधको महत्त्व | १४ |
| २.४ पठनबोधका चरणहरू | १६ |
| २.५ पठनबोधमा प्रभावपार्ने तत्त्वहरू | १९ |
| २.५.१ सामग्री छनोट | १९ |
| २.५.२ विद्यार्थीको शारीरिक एवम् संवेगात्मक अवस्था | २० |
| २.५.३ वातावरण | २० |
| २.५.४ अभ्यास | २१ |
| २.६ पठनबोधका शिक्षण कार्यकलापहरू | २२ |

२.७ पठनबोधका लागि मौन पठन २३

**अध्याय-तीन**

३. व्याख्या र विश्लेषण २५
३.१ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २५
३.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २५
३.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २६
३.२ समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति २७
३.२.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति २७
३.२.२ मध्यमान र मानक विचलनका आधारमा दृष्टांश पठनबोध क्षमताको स्थिति २७
३.३ समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति २८
३.३.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति २८
३.३.२ मध्यमान र मानक विचलनका आधारमा अदृष्टांश पठनबोध क्षमताको स्थिति २९
३.३.३ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना २९
३.४ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति ३१
३.५ मध्यमान र मानक विचलनका आधारमा समूहगत दृष्टांश पठनबोध क्षमताको स्थिति ३४
३.६ मध्यमान र मानक विचलनका आधारमा समूहगत अदृष्टांश पठनबोध क्षमताको स्थिति ३७

**अध्याय चार**

४. तुलनात्मक विश्लेषण ४०
४.१ विभिन्न समूहबीच पठनबोध क्षमताको तुलनात्मक स्थिति ४०
४.१.१ पठनबोध क्षमता लैङ्गिक आधारमा छात्र र छात्राबीच तुलना ४०
४.१.२ पठनबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थी बीच तुलना ४१
४.१.३ पठनबोध क्षमतामा विद्यालयको प्रकृतिका आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीबीच तुलना ४२
४.१.४ पठनबोध क्षमता जातीयताका आधारमा विभिन्न जातिका विद्यार्थी बीच तुलना ४३

४.२ सारांश ४६

**अध्याय पाँच**

५. निष्कर्ष, सुझाव र उपयोगिता ४७

५.१ निष्कर्ष ४७

५.२ सुझावहरू ५०

५.३ उपयोगिता ५२

५.३.१ नीतिगत तह ५२

५.३.२ प्रयोगगत तह ५३

५.४ भावि अनुसन्धानका लागि सम्भावित शीर्षकहरू ५४

सन्दर्भसामग्री

परिशिष्टहरू

# सङ्क्षिप्त रूप सूची

| सङ्क्षिप्त रूप | | पूर्ण रूप |
|---|---|---|
| अं.प्र. | : | अप्रकाशित |
| आ.सं. | : | आठौँ संस्करण |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रि.वि. |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| नेपा. | : | नेपाली |
| ने.बृ.स. | : | नेपाली बृहत् शब्दकोश |
| ने.भा.शि.वि. | : | नेपाली भाष शिक्षा विभाग |
| प्र.ने.श. | : | प्रयोगात्मक नेपाली शब्दकोश |
| प्र.सं. | : | प्रथम संस्करण |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| सम्पा. | : | सम्पादक |

# अध्याय - एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

सामान्यतः बोध भन्नाले बुझ्नु भन्ने बुझिन्छ । अरूको अभिव्यक्ति बुझ्नु, पाठ्यपुस्तक पढेर सार ग्रहण गर्नु भन्ने बुझिन्छ । बोध शब्दले ज्ञान आर्जनको प्रक्रिया वा भाषिक क्षमताको अभिवृद्धिका निम्ति गरिने अभ्यासलाई जोड दिन्छ । बोधलाई सुनेर वा पढेर बुझ्ने क्षमता वा सीप जान्ने वा बुझ्ने काम, समझ, ज्ञान, जानकारी आदिका रूपमा पनि लिइन्छ । अङ्ग्रेजी कम्प्रिहेन्सन (बोध) शब्दको अर्थ दिमागी कार्य, समझ, शक्ति, भाषिक क्षमताको विकास वा परीक्षणका निम्ति गरिने अभ्यास हुन्छ । पाठ्यक्रमको उद्देश्य हासिल गर्ने तथा सिकाइ उपलब्धि धारण गर्ने विद्यार्थीमा बोध क्षमताको राम्रो विकास भएको हुनु पर्दछ । विद्यार्थीलाई भाषिक संरचनाबारे उपयुक्त ज्ञान लिन, अध्ययनको बानी बसाल्न, ज्ञान लिने कुरामा रुची जगाउन, पाठ्यवस्तुमा निहित भाव, भाषा, शब्द, आशय बुझ्न पठनबोध आवश्यक हुन्छ । तसर्थ विद्यालयमा निर्दिष्ट गरिएको कक्षा ७ को पाठ्यपुस्तकमा राखिएका विषयवस्तुहरू विद्यार्थीहरूको स्तरअनुरूपमा छन् छैनन्, विद्यार्थीको बोध क्षमताको विकास के कस्तो छ, पठनबोधसँग सम्बन्धित के कस्ता समस्याहरू छन्, दृष्टांश र अदृष्टांश पाठमा विद्यार्थीको बोध क्षमता कस्तो रहेको छ भनी प्रस्तुत शोधपत्रमा अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

यो अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता के - कस्तो छ ?

ख) सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

ग) लैङ्गिक आधारमा विद्यार्थीको पठनबोध क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

घ) दृष्टांश र अदृष्टांश पाठमा विद्यार्थीको पठनबोध क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

ङ) तिनीहरूको पठनबोध क्षमता सम्बन्धी समस्याहरू समाधानका निम्ति के-कस्ता सुझावहरू हुन सक्छन् ?

## १.३ शोधका उद्देश्यहरू

यस अध्ययनका प्रमुख उद्‌देश्यहरू निम्नानुसार रहेका छन् :

क) कक्षा ७ मा अध्ययनरत विद्‌यार्थीहरूको पठनबोध क्षमता पहिचान गर्नु,

ख) सरकारी तथा निजी विद्‌यालयका विद्‌यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्नु,

ग) लैङ्गिक आधारमा विद्‌यार्थीको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्नु,

घ) विद्‌यार्थीहरूको अदृष्टांश पाठको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्नु,

ङ) तिनीहरूको पठनबोध क्षमतासम्बन्धी समस्याहरू समाधानका निम्ति सुझाव दिनु ।

## १.४ पूर्वकार्यको समीक्षा

पठनकला शिक्षण अन्तर्गत पठनबोध क्षमताका सम्बन्धमा विभिन्न विद्वानहरूद्वारा विद्‌यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएका पाठ्‌यसामग्री र शोधकार्यका निष्कर्षहरूलाई पूर्वकार्यका रूपमा सङ्क्षिप्त चर्चा गरिएको छ ।

अधिकारी (२०६३) द्वारा लिखित **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा पठनकला शिक्षण अन्तर्गत पठनबोध शिक्षण पनि समावेश गरिएको छ । यसमा पठनबोध शिक्षणका लागि पठनबोध अभ्यासका सामग्री, बोध प्रश्नहरू, बोधका कार्यकलाप, बोध शिक्षण सम्बन्धी केही थप कुराका बारेमा चर्चा गरिएको छ, नेपाली भाषा शिक्षणमा पठनबोध सम्बन्धी कार्यकलापलाई पठनकला शिक्षण अन्तर्गत समावेश गरिएको छ  (पृ. ८२) ।

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट उपाध्याय (२०६०) द्वारा एम.एड. दोस्रो वर्षको आवश्यकता पूर्तिका लागि **कक्षा नौमा अध्ययनरत विद्‌यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्य सम्बन्धित विद्‌यार्थीहरूको पठनबोध क्षमता पहिल्याउन भाषिक पृष्ठभूमि, लैङ्गिक, स्थानीयता र क्षेत्रीयताका आधारमा अध्ययन गरिएको छ । यस शोधकार्यबाट विद्‌यार्थीहरूको पठनबोध क्षमता केलाई

उनीहरूमा भएका कमीकमजोरीहरू निकाकरणका उपायहरू सुझाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनमा नेपाली मातृभाषी भन्दा दोस्रोभाषी, तराईबासीभन्दा पहाडबासी, सहरियाभन्दा ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा पठनबोध क्षमतामा कमजोर रहेको निष्कर्ष निकालिएको छ । समग्रमा हेर्दा उक्त अध्ययनमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमा पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ (भण्डारी, २०६३ : १०५) ।

महेन्द्र रत्न क्याम्पस ताहाचलबाट एम.एड. दोस्रो वर्षको आवश्यकता पूर्तिका लागि पोखरेल (२०६१) द्वारा **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको, अदृष्टांश पठनबोध क्षमताको मानक विचलनलाई हेर्दा मानक विचलन त्यति धेरै नहुनाले अदृष्टांश पठनबोध क्षमतामा एकरूपता रहेको, गाउँका भन्दा सहरका विद्यार्थी, छात्रभन्दा छात्रा, विमातृभाषी भन्दा नेपाली मातृभाषीको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको देखिन्छ (पृ. ४७ - ५०) ।

महेन्द्र रत्न क्याम्पस ताहाचलबाट एम.एड. दोस्रो वर्षको आवश्यकता पूर्तिका लागि खनाल (२०६१) द्वारा काठमाडौं उपत्यकाका **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** शीर्षकको शोध तयार पारिएको छ । यस शोधकार्यमा सम्बन्धित विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखाइएको छ । पठनबोध क्षमताको मध्यमान ६१.४५ को आधारमा हेर्दा मध्यमान भन्दा माथि प्राप्ताङ्क हुने विद्यार्थी सङ्ख्या बढी रहेको देखाइएकोले पठनबोध क्षमता सन्तोषजनक, दृष्टांश भन्दा अदृष्टांश पाठ्यसामग्रीबाट प्राप्त नतिजा कमजोर देखिएको, ग्रामीण भन्दा सहरिया, विमातृभाषी भन्दा मातृभाषा हुनेहरूको पठनबोध क्षमता उच्च रहेको, लिङ्गका आधारमा दुवैको पठनबोध क्षमता उच्च रहेको निष्कर्ष आएको देखिन्छ (पृ. ३१ - ३३) ।

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट एम.एड. दोस्रो वर्षको आवश्यकता पूर्तिका लागि ज्ञवाली (२०६३) द्वारा गरिएको अध्ययनको शीर्षक **कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** रहेको छ । उक्त अध्ययनमा कक्षा दसमा अध्ययनरत छात्रभन्दा छात्रा, सहरियाभन्दा गाउँबासी, निजी विद्यालयभन्दा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा पठनबोध क्षमता कमजोर वा अनुपयुक्त रहेको

निष्कर्ष निकालिएको छ (पृ. ७७ - ८४) । दृष्टांश र अदृष्टांश पठनबोध क्षमता नेपाली मातृभाषीभन्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूमा राम्रो रहेको छ । तसर्थ उक्त अध्ययनमा अध्यापन गर्ने शिक्षक तथा शिक्षिकाहरू दक्ष हुनुपर्ने, अदृष्टांश बोधलाई ध्यान दिनुपर्ने, सरकारी विद्यालयका विद्यार्थीहरूलाई पठनबोध गराउनुपर्ने जस्ता सुझाव पेस गरिएका छन् ।

शर्मा र पौडेल (२०६७) द्वारा सहलेखनमा तयार पारिएको **नेपाली भाषा र साहित्यशिक्षण** पुस्तक शिक्षणका सन्दर्भमा उपयोगी मानिन्छ । यस पुस्तकमा पठनकला शिक्षणमा सस्वरपठन र मौनपठन, पठनबोध शिक्षण, पठनशीलता परीक्षण, द्रुत पाठशिक्षणका बारेमा चर्चा गरेको पाइन्छ । प्रस्तुत पुस्तकले पठनबोध शिक्षणका क्रममा क्रमश : आदर्श वा नमुना पाठको प्रस्तुति, अर्थगत कठिनाइयुक्त पदपदावलीको छनोट, शब्दार्थ निवारण, मौनपठन, बोध प्रश्नोत्तर अभ्यास गराउनुपर्ने कुरा राखेको पाइन्छ । तल्ला कक्षाहरूमा अभिधात्मक तथा व्याख्यात्मक र माथिल्ला कक्षाहरूमा समीक्षात्मक र सिर्जनात्मक बोध सम्बन्धी अभ्यास उपयुक्त हुने कुरा उल्लेख छ (पृ. १५२) ।

यसैगरी त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट एम.एड. दोस्रो वर्षको आवश्यकता पूर्तिका लागि के.सी. (२०६४) द्वारा **लमजुङ जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** शीर्षक शोधपत्र तयार पारिएको छ । यस शोधकार्यमा सम्बन्धित विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्ने र बोधमा रहेका कमीकमजोरी पहिल्याई उक्त कमजोरी निराकरणका लागि सुझाव दिने जस्ता उद्देश्य राखिएको छ । यिनै उद्देश्यहरू राखि गरिएको यस शोधमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशत गणना गरी ४०.०० प्रतिशत विद्यार्थी ८०.०० प्रतिशत भन्दा माथि पठनबोध क्षमता रहेका, अदृष्टांश भन्दा दृष्टांश, गाँउका भन्दा सहरका दास्रो भाषीभन्दा नेपाली मातृभाषी, सार्वजनिक विद्यालय भन्दा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको कुरा उल्लेख छ, (पृ. ४०-४३) ।

सुकुना बहुमुखी क्याम्पस मोरङबाट एम.एड.दोस्रो वर्षको आवश्यकता पूर्तिका लागि प्रधान (२०६९) द्वारा पठनबोधसँग सम्बन्धित **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** शीर्षकको शोधपत्र तयार पारिएको छ । यस शोधकार्यमा विद्यार्थीहरूमा रहेको मौन पठनबोध क्षमता पहिचान गर्नु र यसमा रहेका कमीकमजोरीहरू

पहिल्याई निराकरणका लागि सुझाव दिनु जस्ता प्रमुख उद्देश्यमा केन्द्रित रहेको छ । विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा ३७.८९ प्रतिशत विद्यार्थीहरू ६० प्रतिशतभन्दा माथि देखिएकोले विद्याथीहरूको समग्र पठनबोध क्षमता कमजोर रहेको उल्लेख छ । दृष्टांश पठनबोध क्षमतामा विद्यार्थीको मध्यमान ३१.५१ र मानक विचलन ८.०४ अदृष्टांश पठनबोधमा मध्यमान २३.३१ र मानक विचलन १०.३२ रहेको हुँदा दृष्टांशमा भन्दा अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ (पृ. ४३ - ४४) ।

पूर्वकार्यहरूलाई हेर्दा विभिन्न कक्षा र समूहका विद्यार्थीहरूमा केन्द्रित रही गरिएका अनुसन्धानले विद्यार्थीहरूको पठनबोध क्षमता त्यति सन्तोषजनक नरहेको देखिन्छ । यसैगरी कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन कार्य आजसम्म कोही कसैबाट नभएको हुँदा यस कक्षामा अध्ययनरत विद्यार्थीहरूको पठनबोध सम्बन्धी प्रारम्भिक अध्ययन यो नै रहेको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

भाषा मानवीय तत्त्व हो । भाषा नभई मानिस बाँच्न सक्दैन । भाषाको ज्ञान हासिल गर्न सजिलो पनि छैन तसर्थ भाषाशिक्षण सिकाइ पछि विद्यार्थीहरूमा व्यवहारिक परिवर्तनको अपेक्षा पाठ्यक्रमले राखेको हुन्छ । व्यक्तिमा व्यवहारिक परिवर्तन गराउन पनि धेरै मार्गहरू हुन्छन् । प्रथमतः विद्यार्थीको क्षमता र उमेर अनुसार भाषा पाठ्यपुस्तक र शिक्षण विधि उचित हुनु अनिवार्य ठानिन्छ ।

शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन विद्यार्थीका लागि पाठ्यवस्तु बोधगम्य हुन आवश्यक पर्ने हुनाले विद्यार्थीहरूमा बोध क्षमताको विश्लेषण गरी तिनमा रहेका कमीकमजोरीहरू औंल्याउने र उक्त कमीकमजोरी निराकरणका उपायहरू सुझाउनका लागि महत्त्व रहेको छ । साथै यस अध्ययनबाट भाषा पाठ्यक्रमविद्हरूलाई उक्त पाठ्यक्रम सुधार एवम् परिमार्जन गर्नमा, पाठ्यपुस्तक लेखनलाई उद्देश्यमूलक एवम् प्रभावकारी विषयवस्तु चयन गर्नमा, शिक्षकलाई विद्यार्थीको स्तर सापेक्ष स्तरीय रूपबाट शिक्षण विधि एवम् प्रक्रियालाई अगाडि बढाउनमा र समग्रमा विद्यार्थीहरूको बोध क्षमतालाई बुझेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, व्यवस्थित एवम् उद्देश्यपूर्ण बनाउनमा सहयोग पुग्ने

हुँदा यस किसिमको अध्ययन महत्त्वपूर्ण बनाउनमा सहयोग पुग्ने हुँदा यस किसिमको अध्ययन महत्त्वपूर्ण हुनेछ । यसैगरी विद्यार्थीहरूमा कुनै विषयमा गहन अध्ययन गरी बोध गर्ने बानीको विकासमा यस अध्ययनको महत्त्व रहेको छ ।

## १.६ अध्ययनको सीमा

यो अध्ययनलाई निम्नलिखित सीमामा सीमाङ्कन गरिएको छ :

क) भक्तपुर जिल्लाका ६ विद्यालयका कक्षा ७ मा अध्ययनरत ६० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

ख) भक्तपुर जिल्ला भित्रका ३ सरकारी र ३ निजी विद्यालयहरूका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूमा सीमित रहेको छ ।

ग) यस अध्ययनमा पठनबोध क्षमता परीक्षण तथ्याङ्क विश्लेषणमा आधारित रहेको छ ।

घ) विद्यार्थीहरूको लिङ्गगत, दृष्टांश पाठहरूको आधारमा, सरकारी र निजी विद्यालयका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूमा सीमित रहेको छ ।

## १.७ शोधविधि

अनुसन्धान एक गहन विषय हो जुन कार्य कुनै न कुनै उपलब्धि हासिल गर्न गरिन्छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा शोधविधिको विवरण सबैभन्दा महत्त्वपूर्ण विषय हो । प्रस्तुत अध्ययन भक्तपुर जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरूलाई नै महत्त्व दिएर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यो अध्ययन विद्यार्थीहरूसँग सम्बन्धित भएकाले सामग्री सङ्कलनको मुख्य आधारका रूपमा स्थलगत अध्ययन विधिलाई उपयोग गरिएको छ । अनुसन्धानलाई वस्तुगत वा तथ्यपूर्ण बनाउन जनसङ्ख्या, नमुना छनोट, सामग्री निर्माण, तथ्याङ्क सङ्कलनको व्याख्या विश्लेषणका लागि पुस्तकालयीय र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ ।

### १.७.१ जनसङ्ख्या

कुनै पनि अध्ययन तथा अनुसन्धानका निम्ति त्यस ठाउँको जनसङ्ख्याको पूर्ण रूपमा प्रतिनिधित्व रहेको हुन्छ । यस अध्ययनका लागि जनसङ्ख्या भक्तपुर जिल्लामा रहेका

तीनवटा सरकारी र तीनवटा निजी विद्यालयबाट क्रमशः तीस/तीस जना गरी जम्मा ६० जना विद्यार्थी यस अध्ययनको जनसङ्ख्याको रूपमा लिइएको छ ।

### १.७.२ प्रतिनिधि नमुना छनोट

प्रतिनिधि नमुना छनोट लिने क्रममा छात्र तथा छात्रा, नेपाली मातृभाषी तथा नेपाली दोस्रोभाषी, जातिगत, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूलाई लिइएको छ । प्रस्तुत अनुसन्धानमा भक्तपुर जिल्ला स्थित सरकारी विद्यालय श्री आदर्श उ.मा.वि. सानोठिमीबाट ५ जना छात्र र ५ जना छात्रा गरी जम्मा १० जना, श्री महेन्द्र नि.मा.वि. जातिगालबाट छात्रछात्रा क्रमशः ५/५ जना गरी जम्मा १० जना र जनप्रेमी नि.मा.वि. कौशलटारबाट छात्रछात्रा क्रमशः ५/५ जना गरी जम्मा १० जना विद्यार्थीहरू लिइएका छन् । सोही जिल्ला स्थित निजी विद्यालयतर्फ इम्यान्युल इङ्लिस स्कुल गठ्ठाघरबाट छात्रछात्रा क्रमशः ५/५ जना, जेनिथ एकेडेमीबाट छात्रछात्रा क्रमशः ५/५ जना र अर्बिट इङ्लिस स्कुलबाट छात्रछात्रा क्रमशः ५/५ जना गरी जम्मा ३० जना नमुना प्रतिनिधि विद्यार्थीहरू लिइएका छन् । यसरी भक्तपुर जिल्लाका तीन सरकारी र तीन निजी विद्यालय प्रतिनिधि नमुनाका रूपमा लिइएका छन् ।

### १.७.३ सामग्री निर्माण

उक्त शीर्षकमा शोधपत्र तयार पार्नका लागि दृष्टांश र अदृष्टांश पाठबाट गद्यांशहरू छनोट गरिएका छन् । दृष्टांश अन्तर्गत कक्षा सातको नेपाली पाठ्यपुस्तकमा रहेको पिपल प्रबन्धबाट सङ्क्षिप्त उत्तरात्मक प्रश्न पाँच वटा र खरानीको डोरी कथाबाट बीसवटा बहुवैकल्पिक प्रश्नहरू सोधिएका छन् । त्यसैगरी अदृष्टांश पाठ अन्तर्गत कक्षा नौमा रहेको लागू पदार्थ दुर्व्यसनबाट पाँचवटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न र कक्षा ११ को नेपाली पाठ्यपुस्तकमा रहेको इन्द्रबहादुर राईद्वारा लेखिएको 'रातभरि हुरी चल्यो' कथाबाट बीसवटा बहुवैकल्पिक प्रश्न सोधिएका छन् ।

### १.७.४ परीक्षा सञ्चालन

प्रश्नपत्र तयार भएपछि विद्यालय प्रशासनको सहयोगमा नमुना छनोटमा परेका विद्यार्थीहरूलाई राखी एक घण्टा पैंतालिस मिनेटको समय लिई उक्त अनुच्छेद पढ्न लगाई उत्तर लेख्न लगाइएको छ ।

### १.७.५ परीक्षण र तथ्याङ्क सङ्कलन

उक्त परीक्षाको सञ्चालनपछि प्राप्त भएका प्राप्ताङ्क नै तथ्याङ्क विश्लेषणको आधार हो । त्यसैले परीक्षा सञ्चालन पश्चात् उत्तरपुस्तिकाको जाँच गरिएको छ । दृष्टांश पाठको सङ्क्षिप्त उत्तरको हकमा सही उत्तरलाई दुई अङ्क प्रदान गरिएको छ । बहुवैकल्पिक प्रश्नको उत्तरमा एक प्रश्नको सही उत्तरलाई एक अङ्कको दरले जम्मा बीस अङ्क प्रदान गरिएको छ । अदृष्टांश सामग्रीका लागि पनि सङ्क्षिप्त प्रश्नको एक सही उत्तरलाई दुई अङ्क गरी जम्मा पाँच प्रश्नलाई दस अङ्क प्रदान गरिएको छ । त्यसैगरी बहुवैकल्पिक प्रश्नको हकमा जम्मा बीसवटा प्रश्नमा प्रत्येक एक सही उत्तरलाई एक अङ्कका दरले अङ्क प्रदान गरिएको छ । यसरी दृष्टांश र अदृष्टांश गरी जम्मा साठी अङ्कको परीक्षा लिई उक्त परीक्षाबाट प्राप्त प्राप्ताङ्कलाई तथ्याङ्क विश्लेषण पद्धतिद्वारा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस अध्ययनको रूपरेखा निम्नानुसार प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| अध्याय एक : | शोध परिचय |
| अध्याय दुई : | पठनबोधको सैद्धान्तिक परिचय |
| अध्याय तीन : | कक्षा-७ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन |
| अध्याय चार : | तुलनात्मक विश्लेषण |
| अध्याय पाँच : | निष्कर्ष, सुझाव र उपयोगिता |
| | सन्दर्भसामग्री |
| | परिशिष्टहरू |

# अध्याय - दुई

# पठनबोधको सैद्धान्तिक परिचय

## २.१ बोधको परिचय

"भाषा यादृच्छिक वाक्प्रतीकहरूको त्यो व्यवस्था हो, जसका सहायताले समाजका व्यक्ति सञ्चार गर्छन्" (न्यौपाने र अन्य, २०६७ : २) । भाषा भन्नाले मानवीय उच्चारण अवयवहरूद्वारा उच्चारित परम्परित, यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्था नै भाषा हो । बोध भन्नाले कुनै पनि अभिव्यक्तिलाई सुनेर वा पढेर बुझ्नु भन्ने बुझिन्छ । बोध शब्द 'बुध' धातुमा 'ञ' प्रत्यय लागेर बनेको हो, जसको अर्थ हुन्छ बुझ्नु (ज्ञवाली, २०६३ : १५) । बोध भाषाको आदानात्मक सीपअन्तर्गत पर्दछ । हामीले कुनै पनि कुरालाई प्रस्तुत वा अभिव्यक्त गर्न पहिले बोध हुन आवश्यक छ । अङ्ग्रेजीमा बोधलाई कम्प्रिहेन्सन भनिन्छ । यसको अर्थ दिमागी कार्य, समझ शक्ति, भाषिक क्षमताको विकास हुन्छ । बोध नभई अभिव्यक्ति गर्न नसकिने भएकाले बोधलाई पूर्वकार्यको रूपमा स्वीकारिन्छ किनभने व्यक्तिमा अभिव्यक्ति क्षमताको विकास सुरु हुनुभन्दा पहिले बोध क्षमताको विकास हुन थालिसकेको हुन्छ । त्यसकारण बोध बौद्धिक कार्य स्मरण गर्ने वा सोच्ने कार्य हो (प्रधान, २०६९ : ८) । यसले भाषिक सीपको विकासका लागि गरिने अभ्यासमा जोड दिन्छ । जसलाई तलका परिभाषाहरूमा समेट्ने प्रयास गरिएको छ ।

सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता बोध हो (प्र.ने.श., २०६६ : ७३७) । बोध भन्नाले सुनेर वा पढेर बुझ्ने क्षमता वा सीप, जान्ने वा बुझ्ने काम, समझ, जानकारी बुझिन्छ (ने.बृ.श., २०५८ : ९३९) । सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता, ज्ञान, अनुभव, समझ, सोच, सम्झना, अनुभूति आदिलाई बोधका रूपमा लिइन्छ (प्र.ने.श., २०६६ : ७३७) ।

भाषिक सन्दर्भमा बोधको अर्थ सामान्यतः सुनेका र पढेका सामग्रीहरूको अर्थ बुझाइ भए पनि व्यापक रूपमा कुनै मौखिक, लिखित वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु बोध हो (शर्मा र पौडेल, २०६७ : १५१) ।

लिपिचिह्नद्वारा प्रस्तुत भएका विचारलाई ग्रहण गर्ने वा बुझ्ने उपायलाई पठनबोध भनिन्छ (ढकाल, २०६४ : २४८) ।

उपर्युक्त परिभाषाका आधारमा बोध भन्नाले व्यक्तिको जस्तोसुकै अभिव्यक्तिलाई देखेर, सुनेर वा पढेर त्यसमा निहित मुख्य अर्थ वा भाव ग्रहण गर्नु, त्यसमा प्रतिक्रिया व्यक्त गर्नु, विश्लेषण गर्नु, विश्लेषण तथा संस्लेषण गर्नु, खण्डन गर्नु, तर्क गर्नु, अनुमान गर्नु नै बोध हो । सामान्य रूपमा बोधलाई 'बुझ्नु' का रूपमा लिइन्छ तर यहाँ बोध (कम्प्रिहेन्सन) भनेको कुनै लिखित अभिव्यक्तिलाई पढेर त्यसको मूल आशय वा त्यस पाठमा रहेको सार कुरा बुझ्नु र लेख्नु हो । विभिन्न बौद्धिक सामग्रीहरूमा अन्तर्निहित अर्थ वा मर्म ग्रहण गरी त्यसको सटीक प्रकटीकरण पनि बोध नै हो । बोधका लागि दिइएको पाठ वा अभिव्यक्ति नै सम्पूर्ण कुरो हुने भएकाले पाठकै माध्यमबाट त्यसको सारभूत कुरा झिक्ने काम यसमा गरिन्छ । बोधमा शब्दको अर्थ र वाक्यको भाव थाहा पाउने मात्र नभएर पाठको सम्पूर्ण आशय पत्ता लगाउने काम पनि हुन्छ ।

मुख्यतः श्रुतिबोध र पठनबोध गरी बोध दुई किसिमका हुन्छन् । श्रुति अथवा पाठ्य, लेख्य जुनसुकै माध्यममा व्यक्त भएको भाषिक व्यवस्था, शब्दार्थ, प्रसङ्ग र तिनका बीचको अन्तरसम्बन्ध बुझ्नु बोध भएकाले श्रुतिबोध र पठनबोध परस्पर निरपेक्ष रहन सक्दैन (अधिकारी, २०६३ : ७१) ।

समग्रमा जुनसुकै भाषिक अभिव्यक्तिलाई भाव अर्थ लेख्न वा भन्न सक्ने गरी ग्रहण गर्नुलाई बोध भनिन्छ । बोधलाई बुझ्ने क्षमता, समझ, जानकारी, ज्ञान, अनुभव, सम्झना, सोच, अनुभूति, समझशक्ति, भाषिक क्षमताको विकास, सचेत तथा पूर्णरूपले बुझ्ने क्षमता, दिमागी कार्य, ग्रहण शक्ति आदिका रूपमा लिइएको पाइन्छ तर यस अध्ययनमा 'बोध' शब्द पठनबोधसँग सम्बन्धित रहेकाले निष्कर्षमा के भन्न सकिन्छ भने लिपिबद्ध रूपमा उतारिएका भाषिक सामग्रीलाई आँखा र दिमागको उपयोगद्वारा गहन एवम् गम्भीर रूपमा अध्ययन गरी त्यसको सारतत्त्व, मूलमर्म, चुरो वा विचार ग्रहण गर्न सक्ने क्षमता, खुवी, पाइन, तागत, शक्ति नै बोध हो (प्रधान, २०६९ : १०) ।

## २.२ बोधका प्रकार

### २.२.१ श्रुतिबोध

भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । सुनाइ पहिलो र आधारभूत सीप हो । वक्ताले सामुन्ने आएर मौखिक अभिव्यक्ति दिएका वा यान्त्रिक उपकरणमा अभिलेख राखिएका वा प्रसारण भएका कुरा सुनेर भाव/अभिप्राय विचार बुझेर

व्यक्त गर्न सक्ने क्षमता विकसित गर्न गराउन गरिने भाषिक प्रयाससँग श्रुतिबोधको सम्बन्ध देखिन्छ (ढकाल, २०६४ : १४०) । पूर्वसर्तका रूपमा आउने श्रुतिबोध श्रवणकला विकासको महत्त्वपूर्ण आधार हो । यसले व्यक्तिको मौखिक अभिव्यक्तिलाई सुनेर श्रोताले बुझ्ने प्रक्रियासँग सम्बन्ध छ । भाषा मानवीय आवश्यकता हो । व्यक्तिगत, सामाजिक र व्यवहारिक आवश्यकताको सहज आपूर्तिका निमित्त सुनेर बुझ्नु अनिवार्य हुन्छ । मान्छेका आवश्यकताहरू असीमित हुन्छन् । ती आवश्यकता मध्येका कतिपय आवश्यकता सुनेर बुझ्ने क्षमताका कारण परिपूर्ति हुन सक्छन् । दैनिक कार्यकलापको आधारभन्दा बढी समय सुनाइले लिन सक्छ । सामान्य र निरक्षर मान्छेको जानकारीको मूल र अपरिहार्य आधार सुनाइ नै हो । काला अक्षर भैँसी बराबर हुनेका लागि जानकारीको अर्को उपाय पाउन सकिँदैन ।

साधारण किसिमका व्यक्तिलाई प्रत्यक्ष काम लाग्ने श्रुतिबोध वक्ताको हाउभाउ, अङ्ग सञ्चालन, चेष्टा, लय, आघात जस्ता भाषिकेतर तत्त्वलाई मूल भाषिक अभिव्यक्तिसँग मिलाएर बुझ्ने गरिन्छ । बोध विनाको श्रुति अनर्थ हुने भएकाले श्रुतिपछाडि बोध हुन आवश्यक छ । यदि श्रुतिपछि सही तरिकाले बोध भएन भने अभिव्यक्तिमा अर्थको अनर्थ लाग्न सक्छ । श्रुतिबोधमा देखा पर्ने कमजोरीले गर्दा व्यक्तिको सोचाइ, बोलाइ मात्र नभएर व्यवहारमा पनि कमजोरी देखिन सक्छ । श्रुतिबोधको कमजोरीका कारण भाषिक सीप, सुनाइ र बोलाइमा मात्र नभई पढाइ र लेखाइमा पनि पृष्ठपोषण प्रदान गर्दछ ।

ज्ञान प्राप्त गर्ने सबैभन्दा सरल र सहज उपाय सुनाइ हो । यसबाट व्यक्तिलाई यथेष्ट मनोरञ्जन प्राप्त हुनसक्छ भने कतिपय मान्छेका फुर्सदका समयको सदुपयोग पनि यसबाट हुनसक्छ । टेपरिकर्डर सुन्दै काम गर्दा सुनाइ र काम गराइ साथसाथै हुनसक्ने अवस्था यसमा हुनसक्छ । विशेष गरी एक, दुई कक्षाहरूमा श्रुतिबोधको अर्को विकल्प नै छैन । उनीहरू सुनेर मात्र बुझ्न सक्छन् । त्यसपछि विस्तारै कक्षा बढ्दै जाँदा उनीहरूमा श्रुतिबोधप्रतिको निर्भरता घट्दै जान्छ तापनि श्रुतिबोध भने सबैतिर जुनसुकै ठाउँमा पनि गर्न सकिन्छ । मानिसमा बोध हुनुभन्दा पहिले सुन्ने क्षमता वा सीपको विकास हुनु जरुरी छ । त्यसकारण लिपिबद्ध सामग्री सुनेर बुझ्न, भाव ग्रहण गर्न, अभिप्राय बुझ्नलाई श्रुतिबोध क्षमताको विकास हुनु जरुरी छ (प्रधान, २०६९ : ११) ।

श्रुतिबोध श्रवणकला विकासको महत्त्वपूर्ण आधार हो । यसले वक्ताको मौखिक अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियासँग सम्बन्ध राख्दछ । भाषाका प्रमुख दुई पक्ष

बोध र अभिव्यक्तिमध्ये श्रुतिबोध ग्रहण पक्षसँग सम्बन्धित मानिन्छ । यो अभिव्यक्तिको पूर्व सर्त पनि हो । बोधविहिन सुनाइ प्रायः निरर्थक सावित हुन्छ (अधिकारी, २०६२ : २६) । मानिसमा विभिन्न प्रकारका क्षमताहरू हुन्छन् । यदि उनीहरूमा श्रुतिबोध क्षमता कमजोर छ भने उनीहरूले सुनेका कुरा राम्ररी बुझ्न सक्दैनन् । उनीहरूका लागि ज्ञान आर्जनको मुख्य ढोका नै शाब्दिक रूपमा सीमित रहन्छ । विद्यार्थीहरूले जति धेरै सुन्ने र सुनाउने अवसर वा मौका पाउँछन् त्यति नै उनीहरूमा श्रुतिबोध क्षमता विकास हुन्छ ।


विद्यार्थीहरूमा आ-आफ्नै किसिमका बेग्लाबेग्लै रुचि, चाहना र क्षमता हुने भएकाले उनीहरूलाई मनपर्ने र उनीहरूको क्षमता अनुसारका सामग्रीहरू जस्तै कथा, कविता, चुड्किला तथा अन्य रोचक प्रसङ्गहरू सङ्कलन गरी उनीहरूमा श्रुतिबोध क्षमताको विकास गराउन सकिन्छ तर श्रुतिबोध विकासका लागि प्रयोग गरिने सामग्रीहरू प्रामाणिक स्तर अनुकूल, रुचिपूर्ण, ज्ञानबर्द्धक एवम् अनुकूल ढाँचामा आधारित हुनुपर्दछ (ज्ञवाली, २०६३ : १८) ।

निष्कर्षतः श्रुतिबोध मानव जीवनको पूर्वार्द्धमा विकास हुने क्षमता हो । श्रुतिबोध विद्यार्थीहरूको वैयक्तिक विकासको दृष्टिकोणले पनि यो निकै महत्त्वपूर्ण पक्ष हो । यो ज्ञान आर्जनको महत्त्वपूर्ण पाटो भएकाले सुनेर बुझ्ने कार्यको कारणले भाषाका अन्य सीपहरूमा पनि प्रत्यक्ष असर पार्दछ । त्यसकारण श्रुतिबोध भाषा विकास एवम् ज्ञान विकासको अपरिहार्य अङ्गका रूपमा रहेको छ ।

### २.२.२ पठनबोध

पठनकलाको उत्कृष्ट रूप मौनपठन र यसको केन्द्रिय तत्त्व पठनबोध हो (शर्मा र पौडेल, २०६७ : १५१) । लिपिचिह्नद्वारा प्रस्तुत भएका विचारलाई पढेर ग्रहण गर्ने बुझ्ने क्षमतालाई पठनबोध भनिन्छ । पठनबोध एउटा क्षमता हो । लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान एवम् सूचनालाई मस्तिष्कले सङ्गठित गरेर अर्थबोध गर्नु नै पठनबोध हो । मानिसमा पृथक-पृथक किसिमका इच्छा तथा चाहनाहरू, अनुभव र क्षमताहरू हुने गर्दछन् । लिपिबद्ध गरिएका चिह्नहरू पाठकले आफ्नो आँखा र मस्तिष्कका सक्रियतामा त्यसको अभिप्राय ग्रहण गर्दछ । आँखा, दृश्यात्मक प्रतीक (अक्षर, शब्द, पदावली) र अर्थानुसन्धान गरी तीन कुराको संलग्नता रहने हुनाले पठनबोध एक जटिल एवम् चुनौतीपूर्ण मानसिक कार्य हो । पठनबोधमा पाठकले सामान्यतः लिखित सामग्रीमा लेखकले अभिव्यक्त गरेका अर्थ


वा विभिन्न तत्त्वलाई एकसाथ आँखाको माध्यमले आफ्नो मस्तिष्कमा धारण गर्दछ । यसलाई तलको रेखाचित्रमा यसरी देखाउन सकिन्छ ।




(स्रोत : ज्ञवाली, २०६३ : १९) ।

पाठकले कुनै पनि अभिव्यक्ति पढ्ने क्रममा उसले सुरुदेखिका घटनाक्रमलाई शृङ्खलामा उन्ने काम आफ्नो बौद्धिक क्षमताका माध्यमबाट गर्ने गर्दछ । तसर्थ पठनबोधमा आँखा र मस्तिष्क एक-आपसमा अन्तरसम्बन्धित भएको कुरा माथिको रेखाचित्रले प्रष्ट पारेको छ ।

कुनै पनि लिपिलाई पढेर त्यसको अर्थ थाहा भएन वा बुझेन भने त्यसको पढाइको कुनै अर्थ वा काम हुँदैन । पाठकले बोधको भाषिक व्यवस्थाअनुसार शब्दहरूको अर्थ निर्धारण गर्ने उक्त अर्थले त्यस भाषाको व्यापक ढाँचालाई सम्बद्ध गराई लेखकका मनमा भएका सम्बन्धित विचारहरूको शृङ्खलामा उन्ने प्रक्रिया पठनबोधमा संलग्न रहन्छन् अथवा लिपिबद्ध गरिएका कुराहरूलाई पाठकले आँखाको माध्यमबाट मस्तिष्कको सक्रियतामा त्यसलाई ग्रहण गर्छ र मस्तिष्कमा तर्कवितर्क गरी भाव वा आशय ग्रहण गर्ने काम गर्दछ । जसलाई 'कृष्णप्रसाद ज्ञवाली'ले आफ्नो शोध "कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" मा रेखाचित्रलाई यसरी देखाएका छन् ।




(स्रोत : ज्ञवाली, २०६३ : १९) ।

माथिको रेखाचित्रबाट के स्पष्ट हुन्छ भने पाठकले मस्तिष्क र आँखाको सक्रियतामा अर्थ ग्रहण गरी मस्तिष्कमा अर्थ निर्माण भई बोध हुन्छ ।

लिपि चिह्नद्वारा प्रस्तुत भएका विचारलाई ग्रहण गर्ने वा बुझ्ने उपायलाई पठनबोध भनिन्छ (ढकाल, २०६४ : २०८) । बोध (विषयवस्तुको बुझाइ) दुई ढङ्गले हुन सक्छ । सुनेर बुझ्ने प्रयासलाई श्रुतिबोध भनिन्छ । पढाइबाट विचारको ग्रहण पाठकको अनुकूलता अनुसार हुन्छ भने यसबाट प्रयोजन अनुसारको विचार ग्रहण हुन्छ । पाठकले लिपिबद्ध सामग्री पढेर वा विचार ग्रहण गर्ने कार्य सस्वर वाचनबाट पनि हुन्छ । विषयवस्तुको बोध सस्वर वाचनको गौण उद्देश्य हो भने मौनवाचन केन्द्रिय उद्देश्य हो (शर्मा र पौडेल, २०६७ : १५३) ।


निष्कर्षतः प्रत्येक भाषाको आ-आफ्नै किसिमको भाषिक व्यवस्था हुन्छ । पठनबोध एक आदानात्मक भाषिक सीप हो । विद्यार्थीको क्षमताका आधारमा विद्यार्थीले ज्ञान प्राप्त गर्ने एक ज्ञानको ढोका पठनबोध हो । यो साक्षर वा लेखपढ गर्न सक्ने व्यक्तिहरूका लागि उपयोगी हुन्छ । त्यसैकारणले विद्यार्थीहरूमा विशिष्ट ज्ञान आर्जन गराउनका लागि रोचक, सीपमूलक कुराहरू हुन आवश्यक छ । विद्यार्थीहरूमा जति धेरै पठन-पाठनमा जोड दिइन्छ त्यति विद्यार्थीहरूमा क्षमता विकास भएर जान्छ । त्यति मात्र होइन पठनबोधको विकासले भाषाका अन्य सीपहरूमा पनि उसलाई प्रभावित पार्न सक्छ । यसरी पठनबोधले विद्यार्थीहरूको संज्ञानात्मक एवम् भाषिक दुवै कुराहरूको विकासमा महत्त्वपूर्ण भूमिका खेलेजस्तै पठनबोधको विकासमा पनि विद्यार्थीद्वारा आर्जित उक्त संज्ञानात्मक र भाषिक दुवै पृष्ठभूमिले मद्दत गरेको हुन्छ । त्यसैले पठनबोधलाई भिन्नभिन्न कुराको एकीकृत तथा संश्लिष्ट क्षमता मानिन्छ । यस्ता क्षमता विकासका लागि कक्षाकोठा मात्र पर्याप्त हुँदैन । त्यसका लागि विद्यालययीय वातावरणको महत्त्व रहन्छ । विद्यालयमा पुस्तकालय, वाचनालय, विभिन्न अन्य अतिरिक्त क्रियाकलापहरू गराएमा विद्यार्थीहरूमा पठनबोध क्षमतामा विकास हुने कुरामा शङ्का हुँदैन तसर्थ विद्यालय र विद्यालयेत्तर वातावरणमा सुधार ल्याई आवश्यक सामग्रीमा सुलभता ल्याउन सके विद्यार्थीहरूमा पठनबोध क्षमतामा विकास हुन सक्छ ।

## २.३ पठनबोधको महत्त्व

ज्ञानको विकास गर्ने प्रभावशाली उपाय पढाइ नै हो । ज्ञान विज्ञानका विविध क्षेत्र र विषयसँग आजको मान्छे सम्बन्धित र सम्पर्कित छ । गाँस, बास र कपासको समस्याले पिरोलेका मान्छेहरूले आ-आफ्नै सरोकारका विषयमा अध्ययन अनुसन्धान गरेर केही न केही कुराहरू लिखित उपायद्वारा जनसमक्ष ल्याइरहेका छन् । त्यस्ता जानकारीसँग प्रत्येक मान्छेले

आफूलाई समयसापेक्ष र सचेत तुल्याउने सहज उपाय पढाइ नै हो । सुनेर पनि कतिपय कुराको जानकारी हुनसक्छ तर सुनेर प्राप्त हुने सामग्रीगत सूचनामा त्यति सहजता, श्रोताअनुकूलता र सुविधायुक्त अवस्था हुँदैन । लिपिबद्ध भएका विचार पाठकले आफ्नो रुचि, इच्छा र चाहनाअनुसार ग्रहण गर्न सक्छन् (ढकाल, २०६२ : २०८) । ज्ञान विज्ञानको क्षेत्रमा विकसित नयाँ नयाँ विचार एवम् दृष्टिकोण हाम्रो सामु आइरहेका छन् र ती विचार वा कुराहरू पढ्ने र बुझ्ने क्षमताको समुचित विकास भएन भने साहित्य, राजनीति, कला, नयाँ-नयाँ आविष्कार एवम् अनुसन्धानबाट प्राप्त ज्ञानबाट वञ्चित हुनुपर्ने भएकाले पठनबोधको महत्त्व बढी भएको हो ।

पठनबोध ज्ञान आर्जनको भरपर्दो माध्यम भएकाले फुर्सदको समयको अधिकतम सदुपयोग गर्न मौनपाठ गतिलो उपाय हुनसक्छ । फुर्सद भएको मान्छेले साहित्यिक विधाहरू र पत्रपत्रिकाहरूको पठनबाट समयको सदुपयोग गर्न सक्छ भने अनैतिक र पथभ्रष्ट हुनबाट आफूलाई जोगाउन सक्छ । वाङ्मयका सम्पूर्ण कुराहरूको पठनबाट पाठकमा आनन्दको अनुभूति र मनोरञ्जन प्राप्त हुन्छ । भावी जीवनलाई पठन पाठनमा सरिक गराइ चरित्र निर्माण गर्न गराउन पनि मौन पठन उपयोगी हुने देखिन्छ (ढकाल, २०६२ : २०९) । जसलाई तलको रेखाचिरद्वारा अझ स्पष्ट पार्न सकिन्छ ।




(स्रोत : ज्ञवाली, २०६३ : २०) ।

माथिको रेखाचित्रलाई हेर्दा ज्ञानको मूल स्रोत बोध नै हो भन्ने कुरा स्पष्ट पारेको छ । निरन्तर पढ्ने मान्छेले साहित्यिक र साहित्येतर विषयबाट ज्ञान आर्जन मात्र गर्दैन उसमा साहित्यिक र साहित्येतर विषयमा कलम चलाउने क्षमताको पनि विकास हुन्छ । यसका साथै पठनबोध ज्ञान आर्जनको उपाय मात्र नभई मनोरञ्जनको महत्त्वपूर्ण पक्ष पनि हो । विभिन्न साहित्यिक विधा कथा, कविता, उपन्यास, निबन्ध पढेर साहित्यिक रस लिनका साथै उक्त विषय वा कृतिमा अभिव्यक्त भावलाई बुझ्नका लागि पनि पठनबोधलाई प्रभावकारी रूपमा लिन सकिन्छ ।

'नेपाली भाषा र साहित्य शिक्षण' (शर्मा र पौडेल, २०६७ : १५२) मा पठनबोधको महत्त्वलाई प्रयोजनका रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

- कुनै लेख्य अभिव्यक्तिलाई पढेर बुझ्ने क्षमताको विकास गर्नु जसबाट अभिव्यक्तिगत तथ्य, व्यक्त विचार वा भाव पक्रेर आफ्नो प्रतिक्रिया व्यक्त गर्न सक्ने क्षमताको विकास गर्न समेत सहयोग पुऱ्याउनु,
- विविध ज्ञान विज्ञान तथा व्यवसायिक क्षेत्र सम्बद्ध भाषाका विशिष्ट पद, पदावली, वाक्य रचना र अभिव्यक्तिगत विशेषताहरूसँग परिचित गराई तिनको सूक्ष्मताको बोध गर्ने क्षमताको विकास गर्न समेत मद्दत पुऱ्याउनु,
- विद्यार्थीहरूमा वैयक्तिक, संस्थागत र सार्वजनिक जीवन सम्बद्ध बौद्धिक एवम् व्यवहारिक उपयोगका लागि विभिन्न फाँटका अभिव्यक्ति क्षमताको सही ढङ्गले बोध र उपयोग गर्ने क्षमताको विकास गर्नु,
- विद्यार्थीहरूमा शब्द भण्डार क्षमताको वृद्धि गरी त्यसको प्रभावकारी उपयोग गर्दै प्रयोग गर्न सक्ने क्षमताका साथै व्याकरणात्मक क्षमताको विकास गर्नमा मद्दत पुऱ्याउनु,
- अभिव्यक्तिगत शैली विधिताको पहिचान, उपयोग र प्रभावकारी कथ्य एवम् लेख्य अभिव्यक्ति विकास गर्न मद्दत पुऱ्याउनु,
- विद्यार्थीहरूमा सङ्ज्ञानात्मक क्षमताको वृद्धि गरेर ज्ञान भण्डारको वृद्धि गर्नु, स्वअध्ययन क्षमताको बानी बसाल्नु, बौद्धिक क्षमताको विकास गर्नु र व्यक्तित्व विकास गर्नमा मद्दत पुऱ्याउनु आदि ।

## २.४ पठनबोधका चरणहरू

पढेर लिखित अभिव्यक्तिलाई बुझ्ने काम नै पठनबोध हो । पठनबोधमा सस्वर वा मौनपठनको माध्यमले अर्थ ग्रहण गरिन्छ । पठनबोधमा पनि के पछि के हुन्छ भन्नु नै चरण हो । पढाइमा प्रारम्भिक र उत्तरवर्ती चरण हुन्छन् । त्यसमा पढाइको प्रारम्भिक चरणमा विद्यार्थीले बढी परिपक्ता ग्रहण गरिसकेका हुँदैनन् । त्यसर्थ प्रारम्भिक चरणमा भन्दा उत्तरवर्ती चरणमा अभ्यास एवम् अनुभवका कारण विद्यार्थी वा पाठकका क्षमतामा बढी परिपक्वता देखा पर्दछ । पाठकहरू बोध गर्ने क्रममा प्रारम्भिक चरणमा सस्वर पाठ गरेर

अर्थ ग्रहण गर्नतिर उन्मुख हुन्छन् भने त्यसपछि अभ्यासका कारण परिपक्व हुँदै गएपछि मौनपठनद्वारा अर्थ ग्रहण गर्नतिर उन्मुख हुन्छन् ।

पढाइको प्रारम्भिक चरण वा पहिलो एकाइका रूपमा अक्षर, शब्द र पदावलीलाई लिइन्छ । यस क्रममा सुरुको पढाइको गति र यति दुवै न्यून हुने र क्रमशः वाक्य स्तरमा पुग्दा वृद्धि हुने गर्दछ । पढाइको सुरुको अवस्थामा रहेको पाठकभन्दा प्रौढ अवस्थामा रहेको पाठकमा बोध क्षमता अधिक मात्रामा पाइन्छ । पठनका लागि अक्षर, शब्द, पदावली र वाक्यको क्रम रहेको कुरा स्पष्ट छ । कसरी भने प्रारम्भिक चरणमा रहेको पाठकले सर्वप्रथम अक्षरलाई आफ्नो एकाइ बनाउँछ त्यसपश्चात् क्रमशः शब्द, पदावली र वाक्यलाई बनाउँछ । पाठकले सुरुमा पढाइको एकाइ अक्षरलाई बनाएपछि अधिक अभ्यासपछि अभ्यस्त हुँदै शब्द पदावली र वाक्यसम्म पुगेपछि बोध हुन्छ ।

बोध मानसिक प्रक्रिया भएकाले यो जटिल कार्य हो । यस क्रममा आँखा, भाषिक प्रतीक, मस्तिष्क र अर्थानुसन्धान जस्ता पक्षहरू संलग्न रहन्छन् । बोधका लागि शारीरिक वा मानसिक परिपक्वता आवश्यक रहन्छ । पाठकमा उमेर अनुसार शारीरिक र मानसिक परिपक्कता हुने भएकाले पाठक जबसम्म यी दुवै सर्तमा सक्षम हुँदैनन् तबसम्म भाषिक प्रतीकहरूसँग परिचित हुँदैनन र बोध पनि हुँदैन तर उमेरअनुसार परिपक्वता हुने भएकाले क्रमशः बोध क्षमतामा परिवर्तन आउँछ । पठनबोधका चरणलाई (अधिकारी, २०६३ : ७०) निम्न अनुसार उल्लेख गरिएको पाइन्छ :

**क) पहिचान**

पठनबोधको प्रथम चरणका रूपमा पहिचानलाई लिइन्छ । यो पढाइ सीपअन्तर्गत बामे सर्दाको अवस्था हो । यस चरणमा विद्यार्थी वा पाठकले वाक्यमा भएका अक्षरलाई उच्चारण गर्न कोसिस गर्छन् (अधिकारी, २०६३ : ७१) । उनीहरू अक्षरलाई अशुद्ध, अक्मकिँदै दोहोऱ्याई ; तेहेऱ्याई पढ्छन् । यसरी पढ्ने क्रममा कतिपय वर्णविन्यासमा अपरिचित हुने भएकाले पटक-पटक पढ्ने गर्दछन् र अर्थ ग्रहण गर्ने क्रममा वाक्यको पूरा अर्थ भन्दा पनि शब्द-शब्दको अर्थ ग्रहण गर्दछन् । यो चरण प्रारम्भिक चरणअन्तर्गत आउँछ ।

### ख) सङ्गठन

यो चरण पहिचानपछिको चरण हो । यस अवस्थामा विद्यार्थीहरू पहिचानको अवस्थामा सक्षम भई वाक्यमा प्रयुक्त अक्षर, शब्द, पदावली र वाक्यलाई एक आपसमा सम्बन्धित गराई पढ्न थाल्छन् । यस अवस्थामा विद्यार्थीहरू पढ्दा वाक्यमा गति, यति र लयलाई पनि ध्यानमा राखी पदविचलन भएका वाक्यलाई पनि सच्याएर पढ्न थाल्दछन् । विभिन्न विचार र भावलाई व्यक्त गर्न सोही अनुसारका भिन्नभिन्न वाक्यहरूको उपयोग गरिएको हुन्छ । तिनको वैचारिक शृङ्खलालाई पकड्दै लैजान नसक्ने पाठक पढ्दा रोकिनु नपर्ने ठाउँमा पनि रोकिन्छ अवथा खास शब्द, पदावली र वाक्यगत अडान तथा अनुतानलाई उपयुक्त ढङ्ग मिलाई पढ्न सक्दैन । उक्त कुराको सस्वर पठनका क्रममा शिक्षार्थीहरूले गरेका त्रुटिबाट ज्ञात हुन्छ । जब शिक्षार्थी एक अर्को शब्द, पदावली एवम् वाक्यको परस्पर आबद्धतालाई पहिल्याउँदै पढ्न थाल्छ तब ऊ पढ्दा आवश्यक हुने गति र यतिका नियमलाई खोजी गरी सोही अनुसार पढ्न सक्छ र वाक्यमा पदक्रम मिलेको रहेनछ भने त्यसलाई पनि सच्याएर पढ्ने प्रयास गर्न थाल्छ । त्यसैले पठनबोधका दृष्टिले यस चरणका शिक्षार्थीलाई मध्यम वर्गअन्तर्गत राखिन्छ (अधिकारी, २०६३ : ७१) ।

### ग) अर्थ्याइ र अर्थानुसन्धान

शिक्षार्थीमा अक्षर, शब्द, पदावली एवम् वाक्यको पहिचान र सङ्गठनका साथै उक्त संरचना र त्यसमा प्रयुक्त शब्दहरूलाई अर्थ्याउने क्षमता हुन पनि आवश्यक छ । पहिचान र सङ्गठन गर्ने क्षमतामा आधारित भएर नै अर्थ्याउने वा अनुसन्धान गर्ने क्षमता प्राप्त हुन सक्छ । यसैले शिक्षार्थी लिखित सामग्रीलाई अनुकूल पहिचान र सङ्गठनका आधारमा गति, यति मिलाई एकाग्र भएर सस्वर वा मौन पठन गर्छ भने उक्त स्थितिमा ऊ त्यसमा व्यक्त विचार बुझ्न पनि सक्षम हुन्छ । वाक्यमा प्रयुक्त शब्दलाई शिक्षार्थीले खास सङ्गठनमा ग्रहण गर्न नसकेमा त्यस वाक्यको अर्थानुसन्धान गर्न कठिन हुन्छ (अधिकारी, २०६३ : ७२) ।

यो चरण पठनबोध क्षमता विकासको उच्चतम चरण हो । यस अवस्थामा पाठक धेरै नै परिपक्व भइसकेको हुन्छ । धेरै अभ्यास र अनुभवद्वारा प्रौढ पाठकहरू नै यस चरणमा प्रवेश गर्न सक्दछन् । यस चरणमा पाठकमा वाक्यको प्रकृतिअनुसार पहिचान गर्ने क्षमताको विकास भइसकेको हुनाले बौद्धिक एवम् जटिल किसिमका वाक्यलाई बौद्धिक किसिमले

भाषिक सामग्रीको मूल मर्म ग्रहण गर्न सक्छन् (प्रधान, २०६९ : १६) । यस चरणमा प्रवेश गरेका पाठकहरूलाई पठनबोधको दृष्टिले उच्च वर्गमा राख्न सकिन्छ ।

## २.५ पठनबोधमा प्रभाव पार्ने तत्त्वहरू

पठनबोध एक आदानात्मक जटिल कार्य हो । कुनै पनि विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा विभिन्न किसिमका क्षमता र अनुभवहरू हुने गर्दछन् । उनीहरूमा समान किसिमका क्षमता रहेको पाइँदैन । यसरी बोध क्षमतामा समानता पाउन नसकिने विभिन्न कारणहरू रहेका छन् । ती कारणहरूलाई 'होमनाथ प्रधान'ले आफ्नो शोध "कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" मा प्रभावकका रूपमा निम्नानुसार चर्चा गरेका छन् :

### २.५.१ सामग्री छनोट

पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने तत्त्वका रूपमा पाठ्य सामग्री छनोटलाई लिन सकिन्छ । यस किसिमको क्षमता जाँच्नका लागि दृष्टांश र अदृष्टांश सामग्रीहरू छनोट गरिन्छन् । दृष्टांश अन्तर्गत दैनिक पत्रिका वा अन्य पुस्तकमा प्रकाशित लेख, कथा, विज्ञापन, चिठीपत्र, समाचारपत्र वा सम्पादकीयबाट छानिन्छ । यसरी सामग्री छनोट गर्ने क्रममा विद्यार्थीको स्तर, रुचि, क्षमता, आवश्यकतालाई ध्यान दिनुपर्छ । यदि ती सर्तभन्दा बाहिर गएमा विद्यार्थीमा सही क्षमता जाँच्न सकिँदैन र पठनबोध क्षमतामा पनि विकास हुँदैन । सामग्री छनोट गर्दा पद्यभन्दा गद्य, भावुकभन्दा बौद्धिक एवम् संरचनात्मक तथा काल्पनिक भन्दा तथ्यपरक सामग्रीहरू पठनबोध क्षमताको अध्ययनका लागि छान्नुपर्दछ । यस अध्ययनका लागि छानिएका सामग्रीमा विषयवस्तु, शब्दभण्डार र भाषिक संरचना उपयुक्त किसिमको हुनुपर्छ (प्रधान, २०६९ : १७) ।

विविध विषय र क्षेत्रसँग सम्बन्धित सम्पूर्ण ज्ञानहरूलाई भाषिक सीप प्राप्तिका निमित्त उपयोग गर्न सकिन्छ, तर विषयवस्तु विद्यार्थीको अनुभवको सेरोफेरोसँग सरोकार राख्ने प्रकृतिको हुनु उपयुक्त हुन्छ । परिचित, सरल, मूर्त, ज्ञात विषयबाट क्रमशः अपरिचित, जटिल, अमूर्त र अज्ञात विषयतिर उन्मुख भएको पाठ्यांश पठनबोधका लागि छनोट हुनु जरुरी छ । एकैचोटी अज्ञात, अमूर्त, जटिल र अपरिचित विषयले विद्यार्थीलाई हतोत्साहित तुल्याउने सम्भावना हुन्छ । विद्यार्थीलाई पढाइप्रति उत्सुक बनाइराख्न विषयवस्तुको चयनमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । सरल भाषाशैलीमा प्रस्तुत जटिल विचारहरूको ग्रहण

गराउन जति सहज हुन्छ, त्यति जटिल शब्दको प्रयोगद्वारा अभिव्यक्त भएको सामान्य विषयको भाव ग्रहण गराउन गाह्रो हुन्छ (ढकाल, २०६४ : २१३) । बालकथा, लोककथा, सामाजिक कथा, राष्ट्रिय व्यक्तित्वसँग सम्बन्धित जीवनी, चिठी, निवेदन, संवाद, समाचार, सूचना, निमन्त्रणा-पत्र, विज्ञापन आदिसँग सम्बन्धित अनुच्छेद समूह र सिङ्गो कथन (सङ्कथन) पठनबोधका निमित्त छनोट हुन सक्दछन् । त्यसैले उक्त कुरामा ध्यान नपुऱ्याई छनोट गरेमा अध्ययनको औचित्य नरहने हुनाले सामग्रीलाई पनि पठनबोधमा प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्व मान्न सकिन्छ ।

## २.५.२ विद्यार्थीको शारीरिक एवम् संवेगात्मक अवस्था

पठनबोध एक मानसिक कार्य भएकाले यसमा व्यक्तिको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्थाले पूर्ण प्रभाव पार्दछ । शारीरिक वा मानसिक रूपमा सन्तुलित रहेको व्यक्तिले राम्ररी अर्थबोध गर्न सक्छ तर यदि विद्यार्थी शारीरिक तथा मानसिक रूपले अशक्त छ भने उसले जति सबलले अर्थ ग्रहण गर्छ त्यति गर्न सक्दैन । यदि पाठकमा अपाङ्गता छ भने उसले आफ्नो जीवनमा प्रगतिको बाटो नदेखी उसले पठनमा मन नलगाउन सक्छ । त्यसैगरी संवेगात्मक विचलन जस्तै त्रास, चिन्ता, क्रोध, आवेग आदि तत्त्वहरूले उसको मानसपटलमा जरो गाडेको छ भने उसले कुनै पनि कुरालाई गहन रूपमा सम्भन सक्दैन तसर्थ जुन व्यक्ति शारीरिक, मानसिक र संवेगात्मक रूपमा स्वस्थ छ उसले पढेको कुराको सारतत्त्व ग्रहण गर्न सक्दछ । अतः सामग्री छनोटमा प्रभाव पार्ने तत्त्वमा शारीरिक, मानसिक एवम् संवेगात्मक एक तत्त्व मान्न सकिन्छ (प्रधान, २०६९ : १७) ।

निष्कर्षतः सिकाइको केन्द्रविन्दु विद्यार्थी हुन् । कुनै पनि ज्ञान, सीप, हासिल गर्नका लागि विद्यार्थी शारीरिक तथा मानसिक रूपमा स्वस्थ रहेको हुनुपर्छ । तसर्थ शारीरिक अवस्था कमजोर रहेका र मानसिक रूपमा विचलित विद्यार्थीहरूमा पढेका कुराहरूको सारतत्त्व ग्रहण गर्ने क्षमता प्रबल नरहने भएकाले विद्यार्थीको शारीरिक एवम् संवेगात्मक अवस्थालाई पठनबोध क्षमताको प्रभावकको रूपमा लिन सकिन्छ ।

## २.५.३ वातावरण

पठनबोधमा वातावरणले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । यो अरू तत्त्वभन्दा गहन र उच्च स्तरको तत्त्व हो । कसरी भने व्यक्ति जतिसुकै स्वस्थ होस्, सामग्री सही होस् तर वातावरण कोलाहलयुक्त छ, दुर्गन्धित, तनावपूर्ण एवम् सङ्कुचित छ भने त्यस्तो ठाउँमा

पठनबोध नभई राष्ट्रको लगानी नै हावामा उड्न सक्छ । वातावरणले पनि विद्यार्थीको ध्यान केन्द्रित गर्न प्रेरित गर्ने भएकाले वातावरण ठीक तथा अनुकूल छ भने त्यस्तो वातावरणमा जटिल प्रकृतिको सामग्रीमा पनि ध्यान केन्द्रित हुने भएकाले पठनबोध राम्रो हुन्छ । त्यसै कारणले अपेक्षित उपलब्धि हासिल गर्न विद्यालयको सम्पूर्ण वातावरण शान्त, सुरम्य एवम् तनावरहीत हुन आवश्यक छ (प्रधान, २०६९ : १८) ।

निष्कर्षतः विद्यार्थीहरूको बोध क्षमतालाई बढाउन शान्त, खुल्ला एवम् स्वच्छ वातावरणको आवश्यकता पर्दछ । कोलाहलयुक्त, तनावपूर्ण वातावरणमा पढेका कुराहरू विद्यार्थीहरूले बुझ्न, स्मरण गर्न कठिन हुन्छ । तसर्थ विद्यार्थीमा पढाइप्रति जागरुक बनाइ पठनबोध क्षमता विकास गराउनमा वातावरणले पनि प्रभाव पार्दछ ।

## २.५.४ अभ्यास

अभ्यास पठनबोधमा प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्त्व हो । जति धेरै अभ्यास गऱ्यो त्यति धेरै बोध क्षमता विकास हुँदै जान्छ तर जति कम अभ्यास गऱ्यो वा पटकपटक अभ्यास गरेन भने आफूसँग भएको सीप पनि हराएर जान्छ । हामीमा असीमित क्षमताहरू रहेका हुन्छन् र जति गहकिलो वा पटकपटक अभ्यास गर्छौं त्यति ती क्षमताहरू बाहिर आउँछन् । बोध एक मानसिक कार्य हो । विद्यार्थीलाई जति धेरै मात्रामा भाषिक, साहित्यिक वा अन्य सन्दर्भ सामग्रीहरू निरन्तर अभ्यास गराउन सकिन्छ त्यति बढी उनीहरू पढाइप्रति अभिरुचि दिँदै जान्छन् र पढेका कुराको सार ग्रहण गर्न सक्छन् । भाषाका ग्रहण (सुनाइ र पढाइ) र अभिव्यक्ति (बोलाइ र लेखाइ) सीपमा उपयुक्त आदत निर्माण गर्न र परिमार्जन ल्याउन बारम्बार अभ्यासका कार्यकलापहरू गराउँदै गर्नुपर्छ (शर्मा र पौडेल, २०६७ : ९) । त्यसैकारण पठनबोधमा प्रभाव पार्ने एक महत्त्वपूर्ण तत्त्व भनेको अभ्यास हो ।

निष्कर्षतः विद्यार्थीलाई अभ्यासद्वारा नै सिकाइमा पूर्ण बनाउन सकिने भएकाले विद्यार्थीहरूलाई बोध सम्बन्धी अभ्यासहरू गराउन आवश्यकता पर्दछ । जति बढी अभ्यास गराउँदै लग्यो त्यति नै विद्यार्थीहरूको बोधक्षमतामा वृद्धि हुने भएकाले अभ्यासलाई पठनबोध क्षमताको प्रभावकका रूपमा लिन सकिन्छ ।

## २.६ पठनबोधका शिक्षण कार्यकलापहरू

लिपिबद्ध गरिएका विचारलाई पढेर बुझाउन सक्नेगरी बुझ्ने सीपको विकास गर्न गराउन विभिन्न किसिमका कार्यकलापहरू गराउन सकिन्छ । पाठ्यपुस्तकभित्र समाविष्ट विभिन्न विधासँग सम्बद्ध पाठहरूका खास अंशदेखि समग्र कथनसम्मका एकाइहरू हुन् वा बाहिरका सूचना, समाचार, निमन्त्रणा, चिठी, पर्चा आदि विद्यार्थीको मानसिक र बौद्धिक स्तर अनुकूल छन् भन्ने लाग्छ भने ती सामग्री कक्षाका सबै विद्यार्थीहरूलाई उपलब्ध गराई सहज र शान्त वातावरणमा मौनवाचन गर्न दिएर विभिन्न कार्यकलापहरू गराउन सकिन्छ । त्यस्ता कार्यकलापमा प्रश्नोत्तर गर्ने, मुख्य विचार बुझ्न मौनपठन गर्ने, अघि हुने र पछि हुने घटनाको अनुमान गर्न लगाउने, सारग्रहण गर्ने, प्रतिक्रिया व्यक्त गर्ने, प्रयोग प्रसङ्गको व्याख्या गराउने, बुँदा टिपोट गर्ने, छलफल गराउने, प्रश्न निर्माण गर्ने र समीक्षा गराउने उल्लेख गरेका छन् (ढकाल, २०६४ : २१४) ।

पठन शिक्षणका कार्यकलापमा सस्वर पठन र मौनपठन पर्दछन् । मौनपठनद्वारा मुख्यतः दुई महत्त्वपूर्ण पक्षको विकास सम्भव छ : (१) बोध र (२) वाचकता (पढाइको गति) (अधिकारी, २०६३ : ८२) । बोधहीन वाचकताको महत्त्व नभएकाले पढाइको गति वा वाचकता भन्दा बोध आधारभूत कुरा हुन्छ । पठनबोध शिक्षणमा पठनबोधको अभ्यासका लागि सामग्री, बोध प्रश्नहरू, बोधका कार्यकलापहरू, बोध शिक्षण सम्बन्धी थप कुराहरू हुनुपर्दछ । पठनबोधको अभ्यासका लागि प्रयोग गरिने पाठ्यसामग्री निर्धारित पाठ्यपुस्तकको उद्धरण भए सोही पाठ्यपुस्तकबाट र नभए उक्त सामग्री पाठपत्रका रूपमा वा श्याम/श्वेत पाटीमा लेखी सार्न लगाएर वा मुखैले भनी टिप्न लगाएर विद्यार्थीहरूलाई उपलब्ध गराउनु पर्छ । विद्यार्थीहरूलाई उक्त उद्धरण सरसर्ती पढ्न लगाई शब्दार्थ सम्बन्धी कुनै कठिनाइ भए त्यसको समाधान गरिदिनु पर्छ । 'नेपाली भाषा र साहित्य शिक्षण'मा पठनबोध शिक्षणका कार्यकलापलाई निम्नानुसार उल्लेख गरेका छन् (शर्मा र पौडेल, २०६७ : १५६) ।

- पठित उद्धरणका बारेमा बोध प्रश्नोत्तर गराउने,
- पठित उद्धरणको शीर्षक छान्न लगाउने,
- सम्बन्धित उद्धरणबाट विद्यार्थीलाई विभिन्न किसिमिका बोध प्रश्न बनाउन लगाउने,
- पठित उद्धरणबाट मुख्य-मुख्य बुँदा टिप्न लगाउने,

- पठित उद्धरणबाट विद्यार्थीलाई विभिन्न बोध प्रश्न बनाउन लगाउने,
- सम्बन्धित उद्धरणमा प्रस्तुत सङ्कथनका विशेषताहरू पहिल्याउन लगाउने,
- सम्बन्धित उद्धरणका खास खास शब्द वा शब्दांशहरू झिकी तिनको पूर्ति गर्न लगाउने,
- सम्बन्धित अनुच्छेदका तथ्यहरूलाई तालिकाबद्ध गर्न लगाउने,
- पहिले नै प्रश्न दिई उत्तर खोज्न लगाउने,
- पठित विषयवस्तुका आधारमा छलफल वा तर्क वितर्क गर्न लगाउने,
- प्रयोजनपरक दृष्टिले विभिन्न विषयका पुस्तक तथा अन्य सामग्रीहरू पढ्न लगाई बोधात्मक प्रश्नोत्तर गराउने आदि ।

## २.७ पठनबोधका लागि मौनपठन

लिखित सामग्रीलाई दुई किसिमले पढिन्छ : (१) सस्वर र (२) मौन । लिखित अभिव्यक्ति वा लिपिबद्ध गरिएका विचार पढेर अभिव्यक्तिमा भएका विचार वा भावनाको बोध गर्नका लागि मौनपठन उपयुक्त हुन्छ । कसैले कसैलाई अवरोध नपुऱ्याई एकै स्थानमा बसी भिन्न-भिन्न प्रयोजनका लागि एक वा अनेक सामग्री ग्रहण गर्ने अत्युत्तम उपाय मौनपठन हो (ढकाल, २०६४ : २१२) । शुद्ध, स्पष्ट र भावानुकूलको आरोह-अवरोहपूर्ण वाचन र त्यसमा लय र स्वर प्रसारण गौण हुन पुग्छन् । पठनबोधको मूल प्रयोजन विषयवस्तुको बोध नै भएकाले पठनबोधका लागि मौनपठन उपयुक्त हुन्छ ।

मौनपठनमा श्रोता र शब्दोच्चारणको आवश्यकता नपर्ने भएकाले पाठ्यसामग्रीको बोध नै मुख्यतः केन्द्रित हुने गर्दछ (अधिकारी, २०६३ : ७५) । विद्यार्थीहरू लिपिबद्ध सामग्रीमा व्यक्त विषयवस्तुसँग परिचित हुने एवम् बोध गर्ने दक्षता हासिल गर्न प्रारम्भ गर्दछन् अथवा त्यस किसिमको पढाइमा आफूलाई अभ्यस्त बनाउन थाल्दछन् तब मात्र मौन पठनको सुरुवात गर्नु उपयुक्त मानिन्छ । मौनपठनमा पाठक ओठ जिब्रो नचलाई आँखाको सहायताद्वारा मस्तिष्कले पाठ्यसामग्रीमा भएका अर्थ ग्रहण गर्दछ । मौनपठनद्वारा थोरै समयमा धेरै कुरा पढ्न सक्ने क्षमता विकास गर्न सकिन्छ । पाठक आफ्नो प्रयोजन र आवश्यकता अनुसार पाठ्यसामग्रीका अनावश्यक कुरा छाडी आफूलाई चाहिएको कुरा मात्र पढ्ने, मुख्य आशय बुझ्न पढ्ने, सोधिएका प्रश्नको उत्तर दिन पढ्ने भएकाले मौनपठन पठनबोधका लागि उपयुक्त हुन्छ (अधिकारी, २०६३ : ७६) ।

लेख्य भाषालाई उच्चारण नगरी वाचन गर्ने पठन कलाको उत्कृष्ट रूप मौन पठन हो । यसमा अङ्ग परिचालन र अन्य भाषिकेत्तर कार्यकलापको आवश्यकता पर्दैन । पाठकले आफ्ना आँखालाई पाठ्यसामग्रीका लिखित भाव वा विचारहरूमा केन्द्रित गर्ने भएकाले बोध यसको अपरिहार्य तत्त्व हो (शर्मा र पौडेल, २०६७ : १४८) । मौनपठनको मुख्य उद्देश्य नै मूल आशय पहिल्याउनमा केन्द्रित रहने हुँदा त्यसैमा ध्यानकेन्द्रित रहने हुँदा भावबोध गर्नमा सरलता हुन्छ ।

निष्कर्षतः थोरै समयमा धेरै कुरा पढ्न वा बुझ्न सक्ने, पढ्दा अरूलाई बाधा नपर्ने, सार्वजनिक स्थलमा बसेर पनि पढ्न सकिने र धेरैजना एकै साथ बसेर अरूलाई बाधा नपारी पढ्न सकिने, शिष्टता कायम हुने तथा आफूलाई आवश्यक लागेका सामग्री मात्र छनोट गरेर पढ्न सकिने हुँदा पठनबोधका लागि मौनपठनलाई प्रभावकारी मान्न सकिन्छ ।

# अध्याय - तीन

# व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययन भक्तपुर जिल्लाका विभिन्न सरकारी तथा निजी विद्यालयको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस क्षेत्रमा रहेका सरकारी र निजी गरी जम्मा ६ वटा विद्यालयबाट जम्मा ६० जना विद्यार्थीहरू लिई आवश्यक तथ्याङ्क सङ्कलन गरी त्यस तथ्याङ्कका आधारमा व्याख्या विश्लेषण गरिएको छ । व्याख्या तथा विश्लेषणको विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

## ३.१ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

### ३.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

तालिका १

| कुल सङ्ख्या | ५० प्रतिशत भन्दा कम | | ६० प्रतिशत भन्दा कम | | ७० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 60 | 4 | 6=67 | 4 | 6=67 | 5 | 8=33 | 36 | 60 | 11 | 18=33 |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

उपर्युक्त तालिका अनुसार समग्र विद्यार्थीहरूको पठनबोध क्षमतालाई गणना गर्दा प्रतिनिधि सङ्ख्याका आधारमा जम्मा ५ श्रेणी निर्धारण गरिएको छ । जसअनुसार ५० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६.६७ प्रतिशत रहेको पाइयो । त्यसैगरी ५० प्रतिशत भन्दा माथि र ६० प्रतिशत भन्दा कम पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या पनि ६.६७ प्रतिशत रहेको पाइयो । ६० प्रतिशत भन्दा माथि र ७० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी ८.३३ प्रतिशत रहेको पाइयो । ७० प्रतिशत भन्दा माथि ८० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी ६० प्रतिशत रहेका छन् र ८० प्रतिशत भन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थी १८.३३ प्रतिशत रहेका छन् ।

उक्त तालिका अनुसार न्यूनतम श्रेणी मानिएको ५० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थी प्रतिशत ६.६७ र उच्चतम मानिएको श्रेणी ८० प्रतिशत भन्दा माथि १८.३३ प्रतिशत विद्यार्थी रहेका छन् ।

उक्त तालिका अनुसार तल्लो वा न्यूनतम श्रेणी ५० प्रतिशत भन्दा कम हुने विद्यार्थी ६.६७ प्रतिशत रहे तापनि अन्य प्रतिशतका आधारमा ६० प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थी बढी देखिएकाले समग्रमा विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको छ ।

### ३.१.२.मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

तालिका २

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 60 | 43=58 | 6=52 | 33 | 55 | 27 | 45 |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

माथिको तालिका अनुसार कुल विद्यार्थी सङ्ख्या ६० विद्यार्थीको समग्र मध्यमान ४३.५८ रहेको छ भने मानक विचलन ६.५२ रहेको छ । समग्र मध्यमानलाई वर्गीकरण गर्दा ५५ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा माथि र ४५ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका छन् । यस तालिकामा मध्यमान भन्दा तल र मध्यमान भन्दा माथिको विद्यार्थी सङ्ख्यामा धेरै अन्तर छैन । त्यसैले मध्यमानका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता सामान्य रहेको पाइयो ।

तथ्याङ्क विवरणमा एकरूपता छ वा छैन भन्ने कुरा मानक विचलनबाट थाहा हुने भएकाले यहाँ मानक विचलन ६.५२ रहेको छ । स्तरीय भिन्नता जति सानो हुन्छ त्यति नै क्षमताको एकरूपताको मात्रा अधिक हुन्छ (खनाल, २०६१ : १८६) ।

यसका आधारमा हेर्ने हो भने मानक विचलन ठुलो रहेकाले समग्र विद्यार्थीहरूको पठनबोध क्षमतामा पूर्ण एकरूपता देखिँदैन ।

## ३.२ समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

### ३.२.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका ३

| कुल सङ्ख्या | ६० प्रतिशत भन्दा कम | | ७० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 60 | 2 | 3=33 | 5 | 8=33 | 21 | 35 | 32 | 53=33 |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

उपर्युक्त तालिकामा प्रतिनिधि नमुना छनोटमा समावेश गरिएका ६० जना विद्यार्थीहरूको पठनबोध क्षमतालाई चार श्रेणी मानिएको छ । न्यूनतम श्रेणी ६० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी ३.३३ प्रतिशत रहेका छन् । ६० प्रतिशत भन्दा माथि र ७० प्रतिशत भन्दा कम पठनबोध क्षमता रहेका विद्यार्थी ८.३३ प्रतिशत रहेका छन् । ७० प्रतिशत भन्दा माथि ८० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीको सङ्ख्या २१ र प्रतिशत ३५ रहेको छ । त्यसैगरी ८० प्रतिशत भन्दा माथि पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या ३२ र ५३.३३ प्रतिशत रहेको छ ।

न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ६० प्रतिशत भन्दा कम पठनबोध क्षमता रहेका विद्यार्थी ३.३३ प्रतिशत र उच्चतम श्रेणी मानिएको ८० प्रतिशत भन्दा माथि ५३.३३ प्रतिशत विद्यार्थी रहनुले दृष्टांश पठनबोध क्षमता उत्कृष्ट रहेको छ ।

### ३.२.२.मध्यमान र मानक विचलनका आधारमा दृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका ४

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 60 | 23=13 | 2=60 | 32 | 53=33 | 28 | 46=67 |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

माथिको तालिकामा दृष्टांश पठनबोध क्षमताको कुल विद्यार्थी सङ्ख्या ६०, समग्र मध्यमान २३.१३ र मानक विचलन २.६० रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा बढी क्षमता भएका विद्यार्थीहरू ४६.६७ प्रतिशत रहेका छन् । विद्यार्थीको पठनबोध क्षमता मध्यमानको आधारमा कम भएको भन्दा मध्यमानको आधारमा क्षमता बढी भएका विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ । मानक विचलनका आधारमा हेर्दा समग्र दृष्टांश मानक विचलन २.६० रहनुले विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमा पूर्ण एकरूपता देखिँदैन ।

## ३.३ समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

### ३.३.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका ५

| कुल सङ्ख्या | ५० प्रतिशत भन्दा कम | | ६० प्रतिशत भन्दा कम | | ७० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 60 | 5 | 8=33 | 5 | 8=33 | 16 | 26=67 | 29 | 48=33 | 5 | 8=33 |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

माथिको तालिकामा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतालाई पाँच श्रेणीमा राखिएको छ । न्यूनतम श्रेणी ५० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरू ८.३३ प्रतिशत रहेका छन् भने ५० प्रतिशत भन्दा माथि ६० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरू पनि ८.३३ प्रतिशत नै रहेका छन् । त्यसैगरी ६० प्रतिशत भन्दा बढी र ७० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरू २६.६७ प्रतिशत रहेका छन् । ७० प्रतिशत भन्दा माथि र ८० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरू ४८.३३ प्रतिशत रहेका छन् भने ८० प्रतिशत भन्दा माथि क्षमता रहेका विद्यार्थीहरू ८.३३ प्रतिशत रहेका छन् ।

तालिकाका आधारमा अदृष्टांश पाठमा विद्यार्थीहरूको पठनबोध क्षमतालाई हेर्दा न्यूनतम श्रेणी मानिएको ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी ८.३३ प्रतिशत रहेका छन् । त्यसैगरी उच्चतम श्रेणी मानिएको ८० प्रतिशत भन्दा माथिको अङ्क ल्याउने विद्यार्थी सङ्ख्या अरू श्रेणीमा अङ्क ल्याउने सङ्ख्या भन्दा कम देखिएको छ । त्यसैले अदृष्टांश पाठमा विद्यार्थीहरूको पठनबोध क्षमता सामान्य रहेको पाइयो ।

## ३.३.२. मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका ६

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 60 | 20=41 | 4=11 | 42 | 70 | 18 | 30 |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

माथिको तालिका अनुसार अदृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान २०.४१ र मानक विचलन ४.११ रहेको छ । समग्र अदृष्टांश पठनबोध क्षमताको मध्यमान २०.४१ लाई आधार मान्दा मध्यमान भन्दा माथि पठनबोध क्षमता रहेका विद्यार्थी ७० प्रतिशत रहेका छन् भने मध्यमान भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी ३० प्रतिशत रहेका छन् । यहाँ मध्यमानको आधारमा तल र माथि पठनबोध क्षमता रहेका विद्यार्थीहरूमा धेरै अन्तर रहेको पाइन्छ । त्यसैले कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सामान्य रहेको छ । विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतालाई मानक विचलनका आधारमा हेर्ने हो भने मानक विचलन ४.११ रहेको छ । यो सामान्यतया धेरै विचलन हो । तसर्थ समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतामा पूर्ण एकरूपता पाइँदैन । यसरी पूर्ण एकरूपता नपाइनुले समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नरहेको स्पष्ट हुन्छ ।

## ३.३.३ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना

तालिका ७

| समग्र विद्यार्थी सङ्ख्या-६० | दृष्टांश पाठ | अदृष्टांश पाठ |
|---|---|---|

| | | |
|---|---|---|
| मध्यमान | 23=13 | 20=41 |
| मानक विचलन | 2=60 | 4=11 |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

माथिको तालिका अनुसार सम्पूर्ण विद्यार्थी सङ्ख्या ६० रहेको छ । समग्र दृष्टांश पठनबोध क्षमता तर्फको मध्यमान २३.१३ रहेको छ भने अदृष्टांश पठनबोध क्षमतातर्फ २०.४१ रहेको छ । उक्त दुवै मध्यमानतर्फ हेर्दा अदृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान भन्दा दृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान बढी रहेको छ । अदृष्टांश पठनबोधको तुलनामा दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ । उक्त तालिकामा प्रस्तुत गरिएको दृष्टांश पाठको पठनबोध क्षमताको मानक विचलन २.६० र अदृष्टांश मानक विचलन ४.११ रहेको छ । उक्त दृष्टांश र अदृष्टांश मानक विचलनलाई तुलनात्मक रूपले हेर्दा दृष्टांश पठनबोधमा भन्दा अदृष्टांश पठनबोधको तुलनामा दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ भने अदृष्टांश पठनबोध क्षमतामा १.५१ बढी विचलन रहनुले यो सन्तोषजनक मान्न सकिँदैन । अदृष्टांश पठनबोध क्षमताको विचलनमा कमी ल्याउन सबै विद्यार्थीहरूलाई समान सहभागिता गराई धेरैभन्दा धेरै अदृष्टांश उद्धरणहरूको अभ्यास गराउनु पर्ने आवश्यकता देखिन्छ ।

## ३.४ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति

तालिका ८

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **लिङ्ग** | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | छात्र | 30 | 14 | 46=67 | 16 | 53=33 |
| | | | छात्रा | 30 | 22 | 73=33 | 8 | 26=67 |
| | | | **भाषिक पृष्ठभूमि** | | | | | |
| | | | नेपाली मातृभाषी | 34 | 22 | 64=71 | 12 | 35=29 |
| | | | नेपाली दोस्रोभाषी | 26 | 14 | 53=85 | 12 | 46=15 |
| | | | **विद्यालयको प्रकृति** | | | | | |
| 60 | 43=58 | 6=52 | सरकारी | 30 | 20 | 66=67 | 10 | 33=33 |
| | | | निजी | 30 | 18 | 60 | 12 | 40 |
| | | | **जातीयता** | | | | | |
| | | | ब्राह्मण | 14 | 10 | 71=42 | 4 | 28=58 |
| | | | क्षेत्री | 20 | 12 | 60 | 8 | 40 |
| | | | नेवार | 6 | 4 | 66=67 | 2 | 33=33 |
| | | | तामाङ | 9 | 4 | 44=44 | 5 | 55=56 |
| | | | राई | 6 | 5 | 83=33 | 1 | 16=67 |
| | | | अन्य (मधेसी, मगर, शेर्पा) | 5 | 1 | 20 | 4 | 80 |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

माथिको तालिका अनुसार कुल विद्यार्थी सङ्ख्या ६० जना रहेका छन् । मध्यमान ४३.५८ र मानक विचलन ६.५२ लाई आधार मानी विद्यार्थीहरूको समूहगत पठनबोध क्षमताको स्थिति निम्नानुसार रहेको छ :

प्रस्तुत तालिकामा लिङ्गका आधारमा विद्यार्थीहरूलाई छात्र र छात्रा गरी दुई भागमा बाँडिएको छ । छात्र तर्फका ३० जना र छात्रा तर्फका ३० जना यस अध्ययनमा समावेश गरिएका छन् । माथिको तथ्याङ्क अनुसार मध्यमान ४३.५८लाई आधार मानी हेर्दा छात्रहरू समग्र मध्यमान भन्दा कम ५३.३३ प्रतिशत रहेका छन् भने मध्यमानभन्दा माथि ४६.६७ प्रतिशत छात्रहरू रहेका छन् । यहाँ छात्रको क्षमतालाई हेर्दा सन्तोषजनक नै रहेको पाइन्छ । त्यसैगरी छात्रामा भएको पठनबोध क्षमतालाई हेर्दा समग्र मध्यमान भन्दा कम क्षमता हरेका विद्यार्थी २६.६७ प्रतिशत छन् भने समग्र मध्यमान भन्दा माथि ७३.३३ प्रतिशत विद्यार्थी रहेका छन् । यस तालिकामा हेर्दा छात्राहरूको मध्यमान भन्दा माथि बढी अङ्क आएकाले छात्रहरूको भन्दा छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको पाइयो । भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषा भएका विद्यार्थीहरू समग्र मध्यमानभन्दा तल ३५.२९ प्रतिशत रहेका छन् भने समग्र मध्यमान भन्दा माथि ६४.७१ प्रतिशत रहेका छन् । त्यसैगरी नेपाली दोस्रो भाषाका रूपमा रहेका विद्यार्थीहरू मध्यमान भन्दा तल ४६.१५ प्रतिशत रहेका छन् भने मध्यमान भन्दा माथि ५३.८५ प्रतिशत रहेका छन् । यहाँ नेपाली मातृभाषी विद्यार्थीमा पठनबोध क्षमता सन्तोषजनक रहेको पाइयो भने विमातृभाषी विद्यार्थीमा भने केही अन्तर देखिएको छ । यहाँ मध्यमान भन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थी प्रतिशत धेरै रहेको पाइएको छ । यो प्रतिशत सन्तोषजनक प्रतिशत हो । तापनि नेपाली मातृभाषी भन्दा नेपाली दोस्रोभाषीको पठनबोध क्षमता कमजोर रहेको पाइयो ।

माथिको तालिकामा विद्यालयको प्रकृतिका आधारमा हेर्दा सरकारी र निजी गरी दुई थरी विद्यालयलाई लिइएको छ । सरकारी र निजी गरी जम्मा ६ वटा विद्यालयमा सरकारीबाट ३० र निजीबाट ३० जना विद्यार्थीहरू रहेका छन् । सरकारीका ३० जना विद्यार्थीहरूमध्ये मध्यमान माथि ६६.६७ प्रतिशत र मध्यमान तल ३३.३३ प्रतिशत रहेको पाइयो  भने निजी विद्यालयमा मध्यमान माथि ६० प्रतिशत र ४० प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल पठनबोध क्षमता रहेको पाइयो ।

त्यसैले दुवै थरीका विद्यालयका विद्यार्थीहरूलाई तुलनात्मक रूपमा हेर्दा निजी विद्यालयका विद्यार्थीहरूमा भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूमा पठनबोध क्षमता उच्च रहेको पाइयो ।

प्रस्तुत अध्ययनलाई जातिगत दृष्टिले विश्लेषण गर्दा जम्मा प्रतिनिधि विद्यार्थीहरू ६० जना मध्येबाट ब्राह्मण १४ जना, क्षेत्री २० जना, नेवार ६ जना, तामाङ ९ जना, राई ६

जना र अन्य (मधेसी, मगर, शेर्पा) ५ जना गरी विभिन्न जातका विद्यार्थीहरू छन् । मध्यमानलाई आधार मानेर हेर्दा ब्राह्मणमा रहेको पठनबोध क्षमता मध्यमान भन्दा माथि र तल ७१.४२ र २८.५८ प्रतिशत रहेको पाइयो । क्षेत्री जातिका विद्यार्थीमा मध्यमान भन्दा तल र माथि पठनबोध क्षमता क्रमशः ४० र ६० प्रतिशत पाइयो । त्यसैगरी नेवार जातिका विद्यार्थीमा मध्यमान भन्दा कम र बढी पठनबोध क्षमता रहेका विद्यार्थी हेर्दा क्रमशः ३३.३३ र ६६.६७ प्रतिशत रहेको पाइयो । तामाङ जातिका विद्यार्थीको क्षमता हेर्दा मध्यमानभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी ५५.५६ प्रतिशत र मध्यमान भन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थीहरू ४४.४४ रहेको पाइयो । राई जातिका विद्यार्थीको क्षमता हेर्दा मध्यमान माथि र तल क्रमशः ८३.३३ र १६.६७ प्रतिशत रहेको पाइयो । अन्य जातिमा भने मध्यमान भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी ८० प्रतिशत र मध्यमान भन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थी २० प्रतिशत रहेका छन् । समग्रमा जातिगत रूपमा मध्यमानको आधारमा हेर्दा ब्राह्मण, क्षेत्री, नेवार र राईको पठनबोध क्षमता उच्च रहेको छ भने तामाङ र अन्य जातिमा भने पठनबोध क्षमता न्यून रहेको पाइयो ।

उपयुर्क्त विषयवस्तुमा गहिरिएर विश्लेषण गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने विद्यार्थीहरूमा पठनबोध क्षमता बढी वा घटी हुनुको पछाडि विद्यार्थीहरूको रुचि, बौद्धिक क्षमता, घरायसी र विद्यालयीय वातावरण पढाइका अवसरहरू जस्ता कुराहरू बढी जिम्मेवार रहन सक्छन् । समग्र मानक विचलन ६.५२ लाई आधार मान्दा विद्यार्थीहरूको पठनबोध क्षमतामा एकरूपता पाइएन ।

## ३.५ मध्यमान र मानक विचलनका आधारमा समूहगत दृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका ९

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **लिङ्ग** | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 60 | 23=13 | 2=60 | छात्र | 30 | 13 | 43=33 | 17 | 56=67 |
| | | | छात्रा | 30 | 19 | 63=33 | 11 | 36=67 |
| | | | **भाषिक पृष्ठभूमि** | | | | | |
| | | | नेपाली मातृभाषी | 34 | 21 | 61=67 | 13 | 38=24 |
| | | | नेपाली दोस्रोभाषी | 26 | 11 | 42=30 | 15 | 57=70 |
| | | | **विद्यालयको प्रकृति** | | | | | |
| | | | सरकारी | 30 | 18 | 60 | 12 | 40 |
| | | | निजी | 30 | 16 | 53=33 | 14 | 46=67 |
| | | | **जातीयता** | | | | | |
| | | | ब्राह्मण | 14 | 10 | 71=42 | 4 | 28=58 |
| | | | क्षेत्री | 20 | 11 | 55 | 9 | 45 |
| | | | नेवार | 6 | 2 | 33=33 | 4 | 66=67 |
| | | | तामाङ | 9 | 4 | 44=44 | 5 | 55=56 |
| | | | राई | 6 | 4 | 66=67 | 2 | 33=33 |
| | | | अन्य ( मधेसी, मगर, शेर्पा) | 5 | 1 | 20 | 4 | 80 |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

उपर्युक्त तालिकाको आधारमा अध्ययनमा समाविष्ट कुल विद्यार्थी सङ्ख्या ६० रहेको छ । यस अध्ययनमा दृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान २३.१३ र मानक विचलन

२.६० रहेको तालिकामा देखाइएको छ । उक्त मानक विचलन र मध्यमानका आधारमा विभिन्न समूहका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई केलाउँदा निम्नानुसारको अवस्था देखिएको छ :

उक्त तालिकामा लिङ्गका आधारमा हेर्दा छात्रतर्फका ३० जना र छात्रा तर्फका ३० जना विद्यार्थी रहेका छन् । छात्रतर्फका विद्यार्थीको मध्यमान २३.१३ लाई आधार मान्दा ४३.३३ प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहेका छन् । यस तथ्यलाई हेर्दा मध्यमान भन्दा माथि पर्ने छात्रको सङ्ख्या भन्दा मध्यमानभन्दा तल पर्ने छात्रको सङ्ख्या बढी रहेकाले छात्रहरूको पठनबोध क्षमता अलि कमजोर रहेको पाइयो । त्यसैगरी छात्राहरूलाई हेर्दा ६३.३३ प्रतिशत विद्यार्थी मध्यमान भन्दा माथि र ३६.६७ प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहेको देखिन्छ । त्यसैले यहाँ दृष्टांश पठनबोध क्षमता छात्राहरूमा सन्तोषजनक रहेको पाइयो ।

भाषिक पृष्ठभूमिका आधारमा उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरू ३४ जना र नेपाली दोस्रोभाषी विद्यार्थीहरू २६ जना रहेका छन् । यसमा मध्यमान २३.१३ लाई आधार मानी हेर्दा नेपाली मातृभाषीको हकमा ६१.७६ प्रतिशत मध्यमानभन्दा माथि र ३८.२४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको पाइन्छ । यसै क्रममा मध्यमान भन्दा माथि र तलको अन्तर २३.५२ रहेकाले नेपाली मातृभाषी विद्यार्थीमा दृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ । नेपाली दोस्रो भाषी विद्यार्थीहरूको हकमा ४२.३० प्रतिशत विद्यार्थी मध्यमान माथि र ५७.७० प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहेकाले यहाँ मध्यमानको तल र माथिको अन्तर हेर्दा १५.४ देखिएको छ । यहाँ बहुसङ्ख्यक विद्यार्थी मध्यमान भन्दा तल रहेकाले नेपाली दोस्रोभाषी विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइयो ।

विद्यालयको प्रकृतिका आधारमा उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा विद्यालयहरूलाई सरकारी र निजी विद्यालय गरी दुई किसिमका विद्यालयहरू समावेश गरिएका छन् । यहाँ सरकारी र निजी विद्यालयका ३०/३० जना विद्यार्थीहरूलाई मध्यमान २३.१३ का आधारमा हेर्दा सरकारी विद्यालयको हकमा ६० प्रतिशत विद्यार्थीहरू मध्यमान माथि र ४० प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका देखिन्छन् । यहाँ मध्यमान भन्दा तल र माथि रहेका विद्यार्थीहरूमा २० ले अन्तर आएको छ र मध्यमान तल पर्ने विद्यार्थी सङ्ख्या कम भएकाले सरकारी विद्यालयका विद्यार्थीको पठनबोध क्षमता उच्च रहेको पाइयो । त्यसरी नै निजी

विद्यालयका विद्यार्थीहरूलाई मध्यमानका आधारमा हेर्दा ५३.३३ प्रतिशत विद्यार्थी मध्यमान भन्दा माथि र ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका छन् । समग्रमा निजी विद्यालयका विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता सरकारी विद्यालयका विद्यार्थीहरूमा भन्दा कमजोर रहेको पाइयो ।

जातीयताका आधारमा माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ६० मध्ये ब्राह्मण विद्यार्थीहरू १४ जना रहेका छन् । मध्यमान भन्दा तल र माथि २८.५८ प्रतिशत र ७१.४२ प्रतिशत रहेकाले ब्राह्मण विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता सन्तोषप्रद रहेको देखिन्छ । क्षेत्री जाति विद्यार्थीमा पनि मध्यमान माथि र तल क्रमशः ५५ र ४५ प्रतिशत रहेकाले क्षेत्री जाति विद्यार्थीमा पनि दृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै देखिएको छ । राई जाति विद्यार्थीमा मध्यमान भन्दा माथि ६६.६७ प्रतिशत र मध्यमान भन्दा तल ३३.३३ प्रतिशत रहेकाले राई विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता उत्कृष्ट रहेको छ । त्यसैगरी तामाङ, नेवार र अन्य जातिका विद्यार्थीहरूको हकमा मध्यमान भन्दा माथि पर्नेको सङ्ख्या भन्दा मध्यमान भन्दा तल पर्नेको सङ्ख्या बढी रहेको देखिएकाले तामाङ, नेवार र अन्य जातिका विद्यार्थीहरूको पठनबोध क्षमता त्यति सन्तोषजनक मान्न सकिँदैन ।

समग्रमा दृष्टांश पठनबोध क्षमतालाई मानक विचलनका आधार हेर्दा मानक विचलन २.६० रहेकाले सम्पूर्ण विद्यार्थीहरूको दृष्टांश प्राप्ताङ्कमा भने पूर्ण एकरूपता नभएको पाइयो ।

## ३.६ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत अदृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका १०

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **लिङ्ग** | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 60 | 20=41 | 4=11 | छात्र | 30 | 14 | 46=67 | 16 | 53=33 |
| | | | छात्रा | 30 | 20 | 66=67 | 10 | 33=33 |
| | | | **भाषिक पृष्ठभूमि** | | | | | |
| | | | नेपाली मातृभाषी | 34 | 21 | 61=77 | 13 | 38=23 |
| | | | नेपाली दोस्रोभाषी | 26 | 13 | 50 | 13 | 50 |
| | | | **विद्यालयको प्रकृति** | | | | | |
| | | | सरकारी | 30 | 16 | 53=33 | 14 | 46=67 |
| | | | निजी | 30 | 18 | 60 | 12 | 40 |
| | | | **जातीयता** | | | | | |
| | | | ब्राह्मण | 14 | 10 | 71=42 | 4 | 28=58 |
| | | | क्षेत्री | 20 | 11 | 55 | 9 | 45 |
| | | | नेवार | 6 | 4 | 66=67 | 2 | 33=33 |
| | | | तामाङ | 9 | 4 | 44=44 | 5 | 55=56 |
| | | | राई | 6 | 4 | 66=67 | 2 | 33=33 |
| | | | अन्य ( मधेसी, मगर, शेर्पा) | 5 | 1 | 20 | 4 | 80 |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

माथिको तालिकामा उल्लेख भएअनुसार प्रस्तुत अध्ययनमा समावेश गरिएका कुल विद्यार्थी सङ्ख्या ६० रहेका छन् । उक्त तालिकामा अदृष्टांश पठनबोध क्षमताको मध्यमान २०.४१ र मानक विचलन ४.११ का आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

लिङ्गका आधारमा छात्र ३० जना मध्येमा मध्यमान २०.४१ भन्दा माथि ४६.६७ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका छन् । छात्रहरूमा धेरै विद्यार्थी सङ्ख्या मध्यमान भन्दा तल रहेकाले छात्रमा अदृष्टांश पठनबोध क्षमता सामान्य रहेको छ । मध्यमानको आधारमा छात्राहरूको तथ्याङ्कलाई हेर्दा ६६.६७ प्रतिशत छात्राहरू मध्यमान भन्दा माथि र ३३.३३ प्रतिशत छात्राहरू मध्यमान भन्दा तल रहनुले समग्रमा छात्राहरूमा अदृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइयो ।

भाषिक पृष्ठभूमिका आधारमा प्रस्तुत अध्ययनलाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीतर्फ ३४ जना र नेपाली दोस्रोभाषी विद्यार्थीतर्फ २६ जना यस अध्यनयमा समावेश गरिएका छन् । अदृष्टांश समग्र मध्यमान २०.४१ लाई आधार मानी तथ्याङ्क विश्लेषण गर्दा नेपाली मातृभाषी तर्फ ६१.७७ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा माथि रहेका छन् भने ३८.२३ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका छन् । यहाँ बहुसङ्ख्यक विद्यार्थी मध्यमान भन्दा माथि रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको पाइयो । नेपाली दोस्रोभाषी विद्यार्थीहरू मध्यमान भन्दा माथि र तल ५०/५० प्रतिशत रहेकाले अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै देखिन्छ ।

विद्यालयको प्रकृतिका आधारमा हेर्दा सरकारी विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्क मध्यमान भन्दा माथि ५३.३३ प्रतिशत र मध्यमान भन्दा तल ४६.६७ प्रतिशत आएकाले सरकारी विद्यालयका विद्यार्थीहरूमा अदृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ । निजी विद्यालयको तथ्याङ्कलाई हेर्दा ६० प्रतिशत विद्यार्थी मध्यमान भन्दा माथि र ४० प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहनुले निजी विद्यालयका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइयो ।

जातीयताका आधारमा माथिको तथ्याङ्कलाई हेर्दा ब्राह्मण विद्यार्थीहरू ७१.४२ प्रतिशत मध्यमान भन्दा माथि रहेका छन् । ब्राह्मण विद्यार्थीको अदृष्टांश बोध क्षमता उत्कृष्ट रहेको देखिन्छ । क्षेत्री विद्यार्थीहरूमा ५५ प्रतिशत मध्यमान माथि र ४५ प्रतिशत मध्यमान तल रहेकाले यहाँ पनि अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै रहेको छ । नेवार जातिका विद्यार्थी मध्यमान माथि ६६.६७ प्रतिशत र मध्यमान तल ३३.३३ प्रतिशत

रहेका छन् । राई जातिका विद्यार्थीहरू मध्यमान माथि ६६.६७ प्रतिशत रहेकाले अदृष्टांश पठनबोध क्षमता राम्रो देखिन्छ । सम्पूर्ण विद्यार्थीहरूलाई मध्यमानको आधारमा हेर्दा ब्राह्मण, क्षेत्री, नेवार, राई विद्यार्थीहरूमा धेरै सङ्ख्या मध्यमान भन्दा माथि रहेकाले उनीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ भने अन्य समूहमा रहेका विद्यार्थीहरूको बहुसङ्ख्या मध्यमान भन्दा कम रहेकाले उनीहरूमा अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइयो ।

समग्र रूपमा विद्यार्थीहरूलाई मानक विचलनका आधारमा हेर्दा मानक विचलन ४.११ रहनुले विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतामा एकरूपता नरहेको पाइयो ।

# अध्याय - चार

# तुलनात्मक विश्लेषण

## ४.१ विभिन्न समूह बीच पठनबोध क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा भक्तपुर जिल्लाका विभिन्न ६ ओटा विद्यालयका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्ययनमा अध्याय तीनमा प्रस्तुत गरिएका व्याख्या विश्लेषणलाई आधार मानेर विभिन्न चलहरूका बीचमा तुलनात्मक विश्लेषण गरिएको छ । यस अध्ययनमा विभिन्न समूहबाट लिइएका तथ्याङ्कका आधारमा सोही समूहबीच पठनबोध क्षमतामा के-कति अन्तर छ भन्नेतर्फ यो अध्ययन केन्द्रित रहेको छ ।

### ४.१.१ पठनबोध क्षमता लैङ्गिक आधारमा छात्र र छात्राबीच तुलना

तालिका ११

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| छात्र | 30 | 41=83 | 43=58 | 7=15 | 6=52 |
| छात्रा | 30 | 44=73 | | 5 | |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

माथिको तालिकालाई लैङ्गिक दृष्टिले हेर्दा छात्रतर्फ ३० जना रहेका छन् भने छात्रातर्फ पनि ३० जना रहेका छन् । उक्त तथ्याङ्कलाई समग्र मध्यमानका आधारमा तुलना गर्ने हो भने छात्रहरूको मध्यमान ४१.८३ रहेको छ भने छात्राहरूको मध्यमान ४४.७३ रहेको छ । समग्र मध्यमानको आधारमा छात्रको मध्यमान १.७५ ले कम रहेको छ । समग्र मध्यमानसँग छात्राहरूको मध्यमानलाई तुलना गर्दा १.१५ ले बढी देखिन्छ तसर्थ समग्र मध्यमानका आधारमा छात्र तथा छात्राहरूको पठनबोध क्षमता तुलनात्मक रूपमा हेर्दा छात्रको भन्दा छात्राको पठनबोध क्षमता उच्च रहेको छ ।

माथिको तालिकालाई समग्र मानक विचलनका आधारमा हेर्ने हो भने समग्र मानक विचलन ६.५२ रहेको छ । छात्रको मानक विचलन ७.१५ रहेको छ । यहाँ समग्र मानक

विचलनको तुलनामा ०.६३ ले अन्तर देखिन्छ । त्यसैगरी छात्राहरूको मानक विचलन ५ रहेको छ । समग्र मानक विचलनका आधारमा छात्रा मानक विचलनलाई हेर्दा १.५२ को अन्तर छ । यो समूहका विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमा धेरै अन्तर नदेखिए तापनि समग्रमा प्राप्ताङ्कमा एकरूपता भने देखिँदैन ।

## ४.१.२ पठनबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीबीच तुलना

तालिका १२

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | 34 | 43=97 | 43=58 | 7=12 | 6=52 |
| नेपाली दोस्रोभाषी | 26 | 42=57 | | 5=44 | |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली मातृभाषी र नेपाली दोस्रोभाषीका बीच तुलना गर्दा नेपाली मातृभाषी विद्यार्थीको कुल सङ्ख्या ३४ रहेको छ भने नेपाली दोस्रोभाषी विद्यार्थीको कुल सङ्ख्या २६ रहेको छ । समग्र मध्यमानका आधारमा उक्त वर्गको तुलना गर्नुपर्ने भएकाले समग्र मध्यमान ४३.५८ रहेको छ । नेपाली मातृभाषी विद्यार्थीको मध्यमान ४३.९७ रहेको छ । उक्त मध्यमानलाई हेर्दा समग्र मध्यमान भन्दा ०.३९ ले बढी छ । समग्र मध्यमान भन्दा थोरै भए पनि नेपाली मातृभाषीको मध्यमान बढी भएकाले नेपाली मातृभाषी विद्यार्थीको पठनबोध क्षमता उच्च नै रहेको छ । त्यसैगरी नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान ४२.५७ छ र यो समग्र मध्यमान ४३.५८ को तुलनामा १.०१ ले कमी हो । समग्र मध्यमानका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीमा मध्यमान कमी रहेकाले नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइयो ।

भाषिक पृष्ठभूमिका आधारमा समग्र मानक विचलन ६.५२ लाई आधार मान्दा नेपाली मातृभाषीहरूको मानक विचलन ७.१२ रहेको छ र यो समग्र मानक विचलन भन्दा ०.६ ले बढी हो । त्यसैगरी नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मानक विचलन ५.४४ रहेको

छ । यो समग्र मानक विचलन ६.५२ को तुलनामा १.०८ ले कमी रहेको छ । समग्रमा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूमा समग्र मानक विचलनका आधारमा त्यति धेरै अन्तर नदेखिएको हुनाले नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको प्राप्ताङ्क विवरण सामन्य रहेको पाइयो ।

## ४.१.३ पठनबोध क्षमतामा विद्यालयको प्रकृतिका आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीबीच तुलना

तालिका १३

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| सरकारी | 30 | 42=66 | 43=58 | 8=01 | 6=52 |
| निजी | 30 | 44=5 | | 4=39 | |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

विद्यालयको प्रकृतिका दृष्टिले माथिको तथ्याङ्कलाई हेर्दा निजी विद्यालयका ३० जना र सरकारी विद्यालयका ३० जना विद्यार्थीहरू लिइएका छन् । यस तथ्याङ्कलाई समग्र मध्यमान र समग्र मानक विचलनका आधारमा तुलना गर्दा सरकारी विद्यालयका विद्यार्थीहरूको मध्यमान ४२.६६ रहेको छ । समग्र मध्यमान ४३.५८ को तुलनामा ०.९२ ले कमी देखिन्छ । समग्र मध्यमानका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको मध्यमान कमी देखिनुले पठनबोध क्षमता सामान्य देखिन्छ । निजी विद्यालयका विद्यार्थीहरूको मध्यमान ४४.५ रहेको छ । यो मध्यमान समग्र मध्यमान ४३.५८ का तुलनामा ०.९२ ले बढी देखिन्छ । तसर्थ सरकारी विद्यालयका विद्यार्थीहरू निजी विद्यार्थीको क्षमताभन्दा कम भएता पनि मध्यमानको आधारमा सामान्य देखिन्छ ।

समग्र मानक विचलनका आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरू बीच तुलना गर्दा समग्र मानक विचलन ६.५२ रहेको छ । सरकारी विद्यालयका विद्यार्थीहरूको मानक विचलनका आधारमा १.४९ ले धेरै हो तसर्थ सरकारी विद्यालयका विद्यार्थीह;रूको प्राप्ताङ्कको वितरणमा समानता देखिँदैन । समग्र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीको मानक विचलन ४.३९ रहेको छ । यो समग्र मानक विचलन भन्दा

२.१३ ले अन्तर देखिन्छ । सरकारी विद्यालयका विद्यार्थीको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको विवरणमा एकरूपता देखिएको छ ।

## ४.१.४ पठनबोध क्षमता जातीयताका आधारमा विभिन्न जातिका विद्यार्थीबीच तुलना

तालिका १४

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| ब्राह्मण | 14 | 45=85 | 43=58 | 2=92 | 6=52 |
| क्षेत्री | 20 | 42=25 | | 8=58 | |
| नेवार | 6 | 43=67 | | 4=14 | |
| तामाङ | 9 | 43=67 | | 4=05 | |
| राई | 6 | 43=67 | | 3=98 | |
| अन्य | 5 | 38 | | 7=66 | |

(स्रोत : विद्यार्थीसँग लिएको परीक्षाको नतिजा)

माथिको तालिकालाई जातिगत दृष्टिले तुलना गर्दा तालिकामा समग्र मध्यमान ४३.५८ रहेको छ भने समग्र मानक विचलन ६.५२ रहेको छ । यस अध्ययनमा ब्राह्मण जातिका १४ जना विद्यार्थी रहेका छन् । ब्राह्मण जातिका विद्यार्थीहरूको मध्यमान ४५.८५ रहेको छ । यो मध्यमानलाई समग्र मध्यमानको आधारमा तुलना गर्दा २.२७ ले बढी छ । समग्र मानक विचलनका आधारमा ब्राह्मण विद्यार्थीलाई हेर्दा २.९२ मानक विचलन रहेको छ । समग्र मानक विचलन ६.५२ का आधारमा ब्राह्मण विद्यार्थीको मानक विचलन कमी देखिनुले ब्राह्मण विद्यार्थीको प्राप्ताङ्कमा एकरूपता देखिन्छ ।

जातिगत दृष्टिले क्षेत्री विद्यार्थीलाई समग्र मध्यमान र समग्र मानक विचलनका आधारमा तुलना गर्दा क्षेत्री विद्यार्थीको मध्यमान ४२.२५ रहेको छ । यो मध्यमान समग्र विद्यार्थीको मध्यमान भन्दा १.३३ ले तल देखिन्छ । समग्र मानक विचलनका आधारमा क्षेत्री विद्यार्थीहरूलाई तुलना गर्दा क्षेत्री विद्यार्थीहरूको मानक विचलन ८.५८ रहेको छ । यो समग्र मानक विचलन भन्दा २.०६ ले बढी रहेको पाइयो ।

नेवार विद्यार्थीलाई समग्र मध्यमान र समग्र मानक विचलनका आधारमा तुलना गर्दा नेवार विद्यार्थीको मध्यमान ४३.६७ रहेको छ । यो मध्यमान समग्र विद्यार्थी मध्यमान भन्दा ०.०९ ले माथि देखिन्छ । समग्र मानक विचलनका आधारमा नेवार विद्यार्थीहरूलाई तुलना गर्दा नेवार विद्यार्थीहरूको मानक विचलन ४.१४ रहेको छ । यो समग्र मानक विचलन भन्दा २.३८ ले कमी रहेको पाइयो ।

जातीय दृष्टिकोणले तामाङ विद्यार्थीहरूको नतिजालाई हेर्दा जम्मा ९ जना विद्यार्थी रहेकामा तामाङ विद्यार्थीको मध्यमान भन्दा ०.०९ ले बढी रहेको छ । मानक विचलनलाई हेर्दा तामाङ विद्यार्थीको मानक विचलन ४.०५ रहेको छ । उक्त मानक विचलन समग्र मानक विचलन भन्दा २.४७ ले तल रहेको पाइयो ।

राई विद्यार्थीहरूको नतिजालाई तुलना गर्दा राई विद्यार्थीहरूको मध्यमान ४३.६७ रहेको छ । यो मध्यमान समग्र मध्यमान ४३.५८ को तुलनामा ०.०९ ले बढी रहेको छ । मानक विचलनका दृष्टिले हेर्दा राई विद्यार्थीहरूको मानक विचलन ३.९८ रहेको छ । यो मानक विचलन समग्र मानक विचलनभन्दा २.५४ ले कमी हो तसर्थ राई विद्यार्थीहरूमा प्राप्ताङ्क विचलन राम्रो रहेको छ ।

जातीयताका दृष्टिले अन्य (राजवंशी १ जना, थारु १ जना, दनुवार १, मगर १ र शेर्पा १) जम्मा ५ जना विद्यार्थीहरूमा समग्र मध्यमानका आधारमा तुलना गर्दा अन्य विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ३८ रहेको छ । समग्र मध्यमान ४३.५८ को तुलनामा ५.५८ ले तल रहेको छ । मानक विचलन समग्र मानक विचलन ६.५२ को तुलनामा १.१४ ले बढी छ । समग्र मानक विचलनका आधारमा अन्य विद्यार्थीहरूको मानक विचलन बढी देखिएकाले अन्य विद्यार्थीको प्राप्तङ्क विवरण समान छैन ।

माथिको तालिकामा उल्लेख भएका विभिन्न जातिका विद्यार्थीलाई जातिगत रूपमा ब्राह्मण र क्षेत्री बीच तुलना गर्दा समग्र मध्यमान ४३.५८ का आधारमा ब्राह्मण विद्यार्थीको मध्यमान ४५.८५ रहेको छ भने क्षेत्री विद्यार्थीहरूको मध्यमान ४२.२५ रहेको छ । मानक विचलनलाई हेर्दा समग्र मानक विचलन ६.५२ रहेको छ । ब्राह्मण विद्यार्थीको मानक विचलन २.९२ रहेको छ । यो समग्र विचलन भन्दा ३.६ ले कमी हो र क्षेत्री विद्यार्थीहरूको मानक विचलन ८.५८ रहेको छ । यो मानक विचलन समग्र मानक विचलन भन्दा २.०६ ले धेरै हो । समग्रमा हेर्दा क्षेत्री जातिका विद्यार्थीहरूको मानक विचलन ब्राह्मण जातिका

विद्यार्थीमा भन्दा बढी देखिएको छ । तसर्थ ब्राह्मण विद्यार्थीमा भन्दा क्षेत्री विद्यार्थीको प्राप्ताङ्कमा समानता वा एकरूपता नभएको हो । समग्र मध्यमानको आधारमा ब्राह्मण विद्यार्थीको मध्यमान समग्र मध्यमान भन्दा माथि र क्षेत्री जातिको विद्यार्थीको मध्यमान तल देखिए तापनि मध्यमान भन्दा धेरै अन्तर नभएको हुँदा दुवै थरीका विद्यार्थीमा पठनबोध क्षमता सन्तोषजनक नै मान्न सकिन्छ ।

माथिको तालिकामा नेवार र तामाङ जातिका विद्यार्थीहरूमा तुलनात्मक विश्लेषण गर्दा नेवार जातिका विद्यार्थीको मध्यमान ४३.६७ रहेको छ भने तामाङ जातिका विद्यार्थीहरूको मध्यमान पनि ४३.६७ नै रहेको छ । मध्यमानको आधारमा हेर्दा नेवार र तामाङ जातिका विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानको तुलनामा ०.०९ ले बढी देखिन्छ । समग्र मध्यमानको तुलनामा नेवार र तामाङ दुवै जातिका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । मानक विचलनका आधारमा हेर्दा नेवार जातिका विद्यार्थीको मानक विचलन ४.१४ रहेको छ भने तामाङ जातिका विद्यार्थीको मानक विचलन ४.०५ रहेको छ । यहाँ नेवार र तामाङ जातिका विद्यार्थीको मानक विचलनमा ०.०९ को अन्तर रहेको छ । नेवार र तामाङ जातिका विद्यार्थीको मानक विचलनमा थोरै अन्तर रहेपनि समग्र मानक विचलन भन्दा तल देखिएकाले दुवै जातिका विद्यार्थीको प्राप्ताङ्क विवरण एकैखालको रहेको पाइयो ।

माथिको तालिकामा अन्य विद्यार्थी जम्मा (राजवंशी १ जना, थारु १ जना, दनुवार १ जना, मगर १ जना, शेर्पा १ जना) ५ जना यस अध्ययनमा समावेश भएका छन् । अन्य ५ जना र राई जातिका ६ जना विद्यार्थीहरूबीचमा तुलनात्मक विश्लेषण गर्दा अन्य विद्यार्थीहरूको मध्यमान ३८ रहेको छ । जुन मध्यमान भन्दा ५.५८ ले कमी हो । त्यसैगरी राई विद्यार्थीहरूको मध्यमान ४३.६७ रहेको छ । जुन समग्र मध्यमान भन्दा ०.०९ ले बढी रहेको छ । राई जातिका विद्यार्थी र अन्य जातिका विद्यार्थीहरूको मध्यमानमा ५.६७ को अन्तर रहेको छ । राई विद्यार्थी भन्दा अन्य विद्यार्थीको पठनबोध क्षमता कमजोर र चिन्ताजनक रहेको देखिन्छ । मानक विचलनको आधारमा हेर्दा अन्य विद्यार्थीहरूको मानक विचलन ७.६६ छ भने राई विद्यार्थीहरूको मानक विचलन ३.९८ रहेको छ । जुन ३.६८ ले अन्तर छ । पठनबोध क्षमतामा राई विद्यार्थीहरूको मानक विचलन कम र अन्य विद्यार्थीहरूको मानक विचलन बढी रहेकाले राई विद्यार्थीको प्राप्ताङ्कमा एकरूपता भएको र अन्य विद्यार्थीहरूमा प्राप्ताङ्क विवरणमा एकरूपता नभएको पाइयो ।

## ४.२ सारांश

भक्तपुर जिल्लाका ६ वटा विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको विभिन्न समूहबीच पठनबोध क्षमताको तुलना गर्दा लैङ्गिक आधारमा छात्रमा भन्दा छात्रामा पठनबोध क्षमता बढी रहेको पाइयो । किनकि छात्राहरू मध्यमान ४४.७३ रहेको छ भने छात्रहरूको ४१.८३ रहेको छ । प्राप्ताङ्कको विवरण हेर्दा पनि छात्राहरूको मानक विचलन छात्रको भन्दा कम देखिएकाले छात्राहरूको प्राप्ताङ्कमा केही समानता रहेको देखिन्छ । भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थी भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको छ र प्राप्ताङ्क विवरणमा पनि नेपाली दोस्राभाषीको भन्दा केही समानता रहेको देखिन्छ । सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्दा निजी विद्यालयका विद्यार्थीको मध्यमान बढी देखिए पनि सरकारी विद्यालयका विद्यार्थीभन्दा कमजोर रहेको देखिन्छ । जातियताका दृष्टिले ब्राह्मण, क्षेत्री, नेवार, राई र तामाङ विद्यार्थीहरूको मध्यमान हेर्दा पठनबोध क्षमता सन्तोषजनक रहेको छ भने अन्य जातिको पठनबोध क्षमता कमजोर रहेको पाइयो ।

# अध्याय - पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

## ५.१ निष्कर्ष

भक्तपुर जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमतासम्बन्धी निम्नलिखित निष्कर्ष निकालिएको छ :

१. समग्र पठनबोध क्षमतामा विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा १२.३४ प्रतिशत विद्यार्थीहरू मात्र ६० प्रतिशत भन्दा तल देखिएकाले विद्यार्थीहरूको समग्र पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।

२. समग्र विद्यार्थीहरूको मध्यमानका आधारमा समग्र मध्यमान भन्दा १० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि देखिएकाले समग्र विद्यार्थीको पठनबोध क्षमता उत्कृष्ट रहेको देखिन्छ ।

३. समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको प्रतिशत अङ्क गणना गर्दा ९६.६७ प्रतिशत विद्यार्थीहरू ६० प्रतिशत भन्दा माथि रहेकाले समग्र विद्यार्थीको दृष्टांश पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।

४. दृष्टांश पठनबोध क्षमतामा विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमानलाई आधार मानी गणना गर्दा मध्यमान भन्दा माथि ६.६६ प्रतिशतले धेरै रहेकाले समग्र विद्यार्थीको दृष्टांश पठनबोध क्षमता राम्रो रहेको पाइयो ।

५. समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता गणना गर्दा १६.६७ प्रतिशत मात्र ६० प्रतिशत भन्दा तल रहेकाले समग्र विद्यार्थीको अदृष्टांश पठनबोध क्षमताको अवस्था सन्तोषजनक रहेको देखिन्छ ।

६. समग्र विद्यार्थीहरूको अदृष्टांश मध्यमानलाई आधार मान्दा ४० प्रतिशतले धेरै हुनुले अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ भने मानक विचलनलाई हेर्दा प्राप्ताङ्कको विवरणमा पूर्ण एकरूपता नभए पनि सन्तोषजनक देखिन्छ ।

७. समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमतालाई हेर्दा दृष्टांश पठनबोध क्षमताको मध्यमान २३.१३ र मानक विचलन २.६० रहेको छ । अदृष्टांश

पठनबोधको मध्यमान २०.४१ र मानक विचलन ४.११ रहेको छ । यी दुवैलाई तुलना गर्दा विद्यार्थीहरू दृष्टांशमा भन्दा अदृष्टांश पठनबोध क्षमतामा केही कमजोर रहेको पाइन्छ भने अदृष्टांशमा भन्दा दृष्टांशमा मानक विचलन कम रही अङ्कमा केही एकरूपता रहेको पाइयो ।

८. समूहगत रूपमा लैङ्गिक आधारमा विद्यार्थीको पठनबोध क्षमता प्रतिशतमा हेर्दा छात्राको भन्दा छात्रको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । ७३.३३ प्रतिशत छात्राहरू मध्यमानभन्दा माथि रहेका छन् भने ४६.६७ प्रतिशत छात्र विद्यार्थीहरू मध्यमान भन्दा माथि रहेका छन् । तुलनात्मक रूपमा छात्र भन्दा छात्राको प्रतिशत राम्रो देखिन्छ ।

९. समग्र मध्यमानका आधारमा नेपाली मातृभाषी विद्यार्थी भन्दा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । नेपाली मातृभाषीतर्फ ६४.७१ प्रतिशत विद्यार्थी मध्यमान भन्दा माथि र ३५.२९ प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहनु, त्यसैगरी ५३.८५ प्रतिशत दोस्रो भाषी विद्यार्थीहरू मध्यमान भन्दा माथि र ४६.१५ प्रतिशत विद्यार्थी नेपाली दोस्रो भाषी विद्यार्थीहरू मध्यमान भन्दा तल रहनुले उक्त कुराको पुष्टि हुन्छ ।

१०. विद्यालयको प्रकृतिका दृष्टिले मध्यमानका आधारमा निजी विद्यालयका विद्यार्थी भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उत्कृष्ट रहेको छ । जातीय दृष्टिकोणले ब्राह्मण, राई, नेवार विद्यार्थीको पठनबोध क्षमता उत्कृष्ट रहेको छ भने त्यसपछाडि क्षेत्री र तामाङ जातिको पठनबोध क्षमता उच्च रहेको छ । ब्राह्मण, राई र नेवार विद्यार्थीको क्षमताको तुलनामा क्षेत्री र तामाङ जातिको पठनबोध क्षमता घटेको छ । त्यसैगरी अन्य विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमान भन्दा माथि २० प्रतिशत मात्र रहनुले अन्य जातिका विद्यार्थीको पठनबोध क्षमता कमजोर रहेको पाइयो ।

११. दृष्टांश पठनबोध क्षमतालाई लैङ्गिक आधारमा हेर्दा छात्रहरूको मध्यमान भन्दा तल बढी प्रतिशत र छात्राहरूको मध्यमानभन्दा माथि बढी प्रतिशत रहेको देखिन्छ र तुलनात्मक रूपमा हेर्दा छात्रभन्दा छात्राको पठनबोध क्षमता राम्रो देखिन्छ । विद्यालयको प्रकृतिका आधारमा निजी र सरकारी विद्यालयका विद्यार्थीको क्षमता

मध्यमान भन्दा माथि नै बढी प्रतिशत रहेकाले निजी र सरकारी दुवैमा दृष्टांश पठनबोध क्षमता राम्रो देखिन्छ तर तुलनात्मक रूपमा हेर्दा निजी विद्यालयका विद्यार्थीमा भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता राम्रो रहेको पाइयो ।

१२. भाषिक पृष्ठभूमिका दृष्टिले विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई समग्र दृष्टांश मध्यमानका आधारमा हेर्दा बहुप्रतिशत नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमान भन्दा माथि र बहुप्रतिशत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमान भन्दा तल रहनुले नेपाली मातृभाषी विद्यार्थी भन्दा नेपाली दोस्रोभाषी विद्यार्थीमा दृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइयो । जातीयताका दृष्टिले हेर्दा ब्राह्मण, क्षेत्री र राई जातिका विद्यार्थीहरूको प्रतिशत दृष्टांश मध्यमान भन्दा माथि बढी रहेको छ भने नेवार, तामाङ र अन्य समूहका जातिका विद्यार्थीहरूको प्रतिशत मध्यमान भन्दा तल बढी रहेको छ । नेवार, तामाङ र अन्य जातिका विद्यार्थी दृष्टांश मध्यमान भन्दा माथि अल्पसङ्ख्यक परेकाले ब्राह्मण, क्षेत्री र राई विद्यार्थीहरूका तुलनामा नेवार, तामाङ र अन्य समूहका विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइयो ।

१३. समग्र अदृष्टांश मध्यमान २०.४१ का दृष्टिले अदृष्टांश क्षमतालाई लैङ्गिकताका दृष्टिले हेर्दा छात्रहरूको अदृष्टांश मध्यमान भन्दा तल बढी प्रतिशत र छात्राहरूको अदृष्टांश मध्यमान भन्दा माथि बढी प्रतिशत रहेकाले अदृष्टांश पठनबोध क्षमता छात्रमा भन्दा छात्रामा बढी रहेको देखिन्छ । भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीको अदृष्टांश मध्यमान भन्दा माथि ६१.७७ प्रतिशत र मध्यमान भन्दा तल ३८.२३ प्रतिशत रहेको छ भने नेपाली दोस्रोभाषीको मध्यमान माथि, तल ५०/५० प्रतिशत रहेको छ । तुलनात्मक रूपमा हेर्दा नेपाली दोस्रो भाषी भन्दा नेपाली मातृभाषी विद्यार्थीको अदृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइयो ।

१४. विद्यालयको प्रकृतिका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरू अदृष्टांश मध्यमानभन्दा माथि ५३.३३ प्रतिशत रहेका छन् भने निजी विद्यालयका विद्यार्थीहरू मध्यमान भन्दा माथि ६० प्रतिशत रहेका छन् । उनीहरूका बीचमा ६.६७ ले अन्तर रहेको छ । तसर्थ सरकारी विद्यालयका विद्यार्थीहरूमा भन्दा निजी विद्यालयका विद्यार्थीमा अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । जातिगत आधारमा हेर्दा

ब्राह्मण ब्राह्मण, क्षेत्री, नेवार र राई जातिका विद्यार्थीहरूको प्रतिशत अदृष्टांश मध्यमान भन्दा माथि बढी रहेको छ भने तामाङ र अन्य समूहका विद्यार्थीहरूको प्रतिशत मध्यमान भन्दा तल बढी रहेको छ । त्यसैले ब्राह्मण, क्षेत्री र राई जातिका विद्यार्थीहरूमा भन्दा तामाङ र अन्य (थारु, दनुवार, शेर्पा, मगर, राजवंशी) जातिको अदृष्टांश पठनबोध क्षमता चिन्ताजनक रहेको पाइयो ।

## ५.२ सुझावहरू

प्रस्तुत **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएका छन् :

१. पाठ्यपुस्तकमा समावेश गरिएका विधाहरू विद्यार्थीका क्षमता, बौद्धिक स्तर, रुचिअनुसारको हुनुपर्छ ।

२. विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धिका लागि प्रायोगिक पाठ्यक्रम निर्माण गरी लागू गर्नुपर्छ ।

३. विद्यार्थीहरूमा बोधक्षमता अभिवृद्धिका लागि विषयवस्तु चयन गर्दा लिङ्ग, भाषा, अवस्थिति, विद्यार्थीको स्तर, रुचि, आदि पक्षहरूलाई ध्यानमा राख्नुपर्छ ।

४. सरकारी विद्यालयका विद्यार्थीहरू भन्दा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको तथ्यले देखाएको हुँदा निजी विद्यालयमा घोकेर उत्तर दिने प्रथालाई कम गराउनु पर्छ ।

५. पाठ्यपुस्तकमा समावेश भएका गद्यहरू रोचक तथा ज्ञानबर्द्धक हुनुपर्छ ।

६. निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्दा निजी विद्यालयका विद्यार्थीहरू पठनबोधमा कमजोर रहेको पाइएको छ । सबैभन्दा पहिले यी विद्यालयले नेपाली भाषाको महत्त्वको बारेमा विद्यार्थीहरूलाई सचेत गराउनु पर्छ । निजी विद्यालयमा नेपाली भाषा प्रयोग गर्न हतोत्साही गरिन्छ । विद्यालयले नेपाली भाषा पनि हाम्रो अमूल्य पहिचान हो भन्ने कुरो बुझी

पाठ्यभार अनुसार नेपाली भाषा शिक्षण गर्नुपर्छ । शिक्षण गर्दा विभिन्न प्रकारका शिक्षण सामग्रीको प्रयोग गरी अतिरिक्त क्रियाकलाप सहित शिक्षण गर्नुपर्छ ।

७. मातृभाषी भन्दा विभातृभाषी विद्यार्थीहरू पठनबोध क्षमतामा कमजोर रहेको तथ्यले प्रमाणित गरेको हुँदा त्यस्ता विद्यार्थीहरूका लागि नेपाली भाषाका अन्य थप सन्दर्भ पुस्तकहरू समावेश गरी अभ्यास गराउनु पर्ने देखिन्छ ।

८. बोधमा आउने अवरोध हटाउन भाषाको शब्दभण्डारमा रहेका आगन्तुक शब्दको प्रयोग सम्बन्धी विस्तृत जानकारी दिँदै ती शब्दहरूको अर्थ खुलाई दिनुपर्छ ।

९. नेपालका कतिपय क्षेत्रमा शैक्षिक सत्र अन्त्य हुँदा पनि पुस्तकहरू उपलब्ध नभई शिक्षकले मुखले भनेको सुनेर जान्नुपर्ने बाध्यता रहेको तथा आधिकारिक पुस्तक पढ्न नपाएका कारणले त्यस्ता क्षेत्रका विद्यार्थीहरू कमजोर हुन्छन् त्यसैले देशका सबै क्षेत्रमा शैक्षिक सत्रको सुरुमा पाठ्यपुस्तक उपलब्ध गराउनुपर्छ ।

१०. कतिपय विद्यालयमा नेपाली मूल विषय पढेका तालिम प्राप्त शिक्षक नराखी अन्य विषयबाट आएका तालिम अप्राप्त शिक्षकले नेपाली पढाउँदा झारा टार्ने काम भई विद्यार्थीहरू पठनबोध क्षमतामा कमजोर हुने गर्दछन् तसर्थ विद्यालयमा त्यस्तो नगरी नेपाली विषयका लागि तालिम प्राप्त विषयगत शिक्षकलाई नियुक्त गर्नुपर्दछ ।

११. सीमित समय र निर्धारित पाठ्यपुस्तकहरूबाट मात्र विद्यार्थीहरूलाई भाषामा पोख्त बनाउन नसकिने हुँदा उनीहरूलाई विभिन्न किसिमका मौखिक तथा लिखित सहकार्यकलापहरू (वादविवाद, वक्तृताकला, निबन्ध, लेखन, कविता लेखन .....) मा सरिक गराउनु पर्दछ ।

१२. दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्ने दोस्रोभाषी विद्यार्थीहरूलाई ध्यानमा राखेर विशेष किसिमको पाठ्यक्रम तयार गरी धेरै समय, विशेष विधि, बढी अभ्यास र खास शैक्षिक सामग्री प्रयोग गर्दै शिक्षण गराउनु आवश्यक छ ।

१३. नेपालका धेरैजसो विद्यालयहरूमा आजभोलि पनि परम्परित रूपमा रहेको निगमन विधिलाई नै सर्वोपरी रटाउने परिपाटी रहेको छ । आजका विद्यार्थीहरूलाई रटाउने भन्दा पनि समय अनुकूल ढङ्गबाट बुझाउने गर्नुपर्दछ ।

१४. विद्यार्थीहरूमा बोधक्षमताको विकास गर्न कुनै पनि उद्धरण वा अनुच्छेद पढ्न लगाइ त्यसका आधारमा सतही निचोडमूलक, अनुमानात्मक र समीक्षणात्मक खालका विभिन्न तहका प्रश्नहरू विद्यार्थीको स्तर हेरी सोध्नु पर्दछ ।

१५. दृष्टांश पाठमा भन्दा अदृष्टांश पाठमा विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर देखिएकाले विद्यार्थीहरूलाई पाठ्यपुस्तक मात्र शिक्षण नगराई अन्य बाहिरी ज्ञान लिने खालका, पत्रपत्रिका, लेखरचना, साहित्यिक कृतिहरू पढ्ने बानीको विकास गराउनु पर्दछ ।

## ५.३ उपयोगिता

### ५.३.१ नीतिगत तह

कक्षा सातमा अध्ययन गर्ने विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्दा विद्यार्थीहरूको मनोवैज्ञानिक अवस्थालाई ख्याल गरी पाठ्यक्रमको निर्माण गरिनुपर्ने देखिन्छ । पाठ्यपुस्तकमा राखिएका पाठ्यसामग्रीहरू विद्यार्थीको स्तर अनुरूपका हुनु पर्दछ । विद्यार्थीका रुचि, इच्छा, आवश्यकतालाई बढावा दिने खालका सामग्रीका साथै आवश्यक ज्ञान, क्षेत्र एवम् बौद्धिक क्षमताको अभिवृद्धि गर्ने सामग्रीहरू छनोट गरी विद्यार्थीको बोध क्षमतामा वृद्धि गराउनु पर्दछ । पाठ्य समय, तह, कक्षाकार्य, गृहकार्य आदि सबै कुराको अनुकूल हुने गरी सरलदेखि जटिलताको क्रममा तल्ला कक्षामा सरल र माथिल्ला कक्षामा क्रमशः स्तरीय बनाउँदै जाने खालका दृष्टांश र अदृष्टांश सामग्रीहरू पाठ्यपुस्तकमा समेटिनु पर्दछ । मिश्रित संस्कृतिका विद्यार्थीहरूलाई शिक्षण गराउनु पर्ने हुँदा विद्यार्थीहरूको भाषिक पृष्ठभूमि अनुकूलका विषयवस्तु पाठ्यक्रममा राखी सबै विद्यार्थीहरूलाई सहजै बोध क्षमताको विकास गराउनु पर्दछ । त्यसैगरी निजी विद्यालयहरूका विद्यार्थीहरूमा घोकाउने, रटाउने कार्यहरू गराउने भएकाले अभिव्यक्तिमा निहित भाव, अर्थहरू विद्यार्थीहरूले बोध नगर्ने भएकाले निजी शिक्षण संस्थामा बोध क्षमता अनुरूपको शिक्षण प्रक्रिया सञ्चालन गरिने नीति हुनुपर्छ । विद्यार्थीहरूको सिर्जनात्मक तथा रचनात्मक क्षमताको विकास गर्न उपयोगी हुने खालका विषयवस्तुहरू पाठ्यपुस्तकमा छनोट गरिने स्पष्ट नीति बनाइनु पर्दछ । व्यवहारिक तथा समय सान्दर्भिक विषयवस्तुलाई पाठ्यपुस्तकमा प्राथमिकता दिइनु पर्दछ ।

### ५.३.२ प्रयोगगत तह

बोध भन्नाले अरूको अभिव्यक्ति बुझ्नु, पाठ्यपुस्तक पढेर सार ग्रहण गर्नु भन्ने बुझिन्छ । बोधले ज्ञान आर्जनको प्रक्रिया वा भाषिक क्षमताको अभिवृद्धिका निम्ति गरिने अभ्यासलाई जोड दिन्छ । तसर्थ बोधको प्रयोगगत उपयोग निम्नानुसार देखाउन सकिन्छ -

१. पठनबोध क्षमतासम्बन्धी आउँदो वर्षमा गरिने अनुसन्धानका लागि आधार प्रदान गर्दछ ।

२. विभिन्न समूह निजी तथा सरकारी, छात्र तथा छात्रा लगायत अन्य पक्षमा तुलनात्मक अध्ययन गरी समस्याको पहिचानका साथै समस्या समाधान गर्न सहयोग पुऱ्याउँदछ ।

३. प्रस्तुत शोधले भाषा शिक्षणमा सहयोग पुऱ्याउँदछ ।

४. यस अध्ययनले पाठ्यपुस्तक निर्माता, भाषा शिक्षकलाई पाठ्यपुस्तकमा र शिक्षण गरिने विषयवस्तु छनोटमा आधार प्रदान गर्दछ ।

५. विद्यार्थीहरूको पठनबोध क्षमतामा देखिएको कमी कमजोरीहरू हटाई तिनमा सुधार ल्याउन नवीन आधारहरू प्रदान गर्दछ ।

६. भाषा शिक्षक तथा विद्यालयलाई शिक्षण क्रियाकलापमा आवश्यक सुधार ल्याउन आधार प्रदान गर्दछ ।

७. शिक्षकलाई विद्यार्थीको बोधक्षमता अनुरूपको शिक्षण प्रक्रिया सञ्चालन गर्न मद्दत गर्दछ ।

८. शिक्षण संस्थालाई पनि आफ्ना विद्यार्थीहरूको कमी कमजोरी पत्ता लगाई सुधार गर्ने आधार प्रदान गर्दछ ।

९. सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक स्थिति अध्ययन गर्न मद्दत पुग्दछ ।

१०. जातिगत दृष्टिले विभिन्न जातिका विद्यार्थीहरूको बोधक्षमता अध्ययन गरी शिक्षण गर्न शिक्षकलाई आधार प्रदान गर्दछ ।

११. भावि अनुसन्धानकर्तालाई आफ्नो अनुसन्धान कार्य अगाडि बढाउन मद्दत पुऱ्याउँछ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. सहरका र गाउँका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन,

२. उमेरगत आधारमा विद्यार्थीहरूको पठनबोध क्षमतामा असर पार्ने कारणहरूको अध्ययन,

३. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका तत्सम, तत्भव र आगन्तुक शब्दले पठनबोधमा पार्ने असरको अध्ययन,

४. नेपाली मातृभाषी र नेपाली दोस्राभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,

५. कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन,

६. कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको साहित्यिक पाठ र साहित्येत्तर पाठमा रहेको पठनबोध क्षमताको तुलनात्मक अध्ययन ।

# सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज (सम्पा.) २०६३. **नेपाली भाषा शिक्षण.** आ.संस्क. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई २०६६. **प्रयोगात्मक नेपाली शब्दकोश.** ते.संस्क. काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

के.सी., नवराज २०६४. **लमजुङ जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि., कीर्तिपुर ।

खनाल, शान्ता २०६१. **काठमाडौँ उपत्यकाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

गौतम, गुरुप्रसाद २०६०. **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन.** अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि., कीर्तिपुर ।

ज्ञवाली, कृष्णप्रसाद २०६३. **कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन.** अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद २०६२. **नेपाली भाषा शिक्षण परिचय र प्रयोग**. ताहाचल, काठमाडौँ : मनकामना बुक्स एन्ड स्टेसनरी ।

———————— २०६४. **नेपाली भाषा शिक्षण**. दो.संस्क. काठमाडौँ : मनकामना बुक्स एन्ड स्टेसनरी ।

————————२०६९. **नेपाली भाषा शिक्षण**. काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल २०६४. **भाषा पाठ्यपुस्तक तथा शिक्षण पद्धति**. भोटाहिटी, काठमाडौँ : एम.के. पब्लिसर्स ।

न्यौपाने, टङ्कप्रसाद र अन्य २०६७. **सामान्य भाषाविज्ञान**. काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पोखरेल, लेखनाथ २०६१. **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन.** अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

प्रधान, होमनाथ २०६९. **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन.** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

भण्डारी, पारसमणि २०६३. **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**. प्र.संस्क. काठमाडौँ : न्यू हिरा बुक्स ।

भण्डारी, पारसमणि, रामनाथ ओझा र डोलराज अर्याल २०६८. **भाषिक अनुसन्धान विधि**. काठमाडौँ : पिनाकल पब्लिकेसन ।

भण्डारी, पारसमणि र अन्य २०६८. **नेपाली भाषा शिक्षण**. काठमाडौँ : पिनाकल पब्लिकेसन ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौड्याल २०६७. **नेपाली भाषा र साहित्य शिक्षण.** प्र.संस्क. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

# परिशिष्ट १

## अध्ययनका निमित्त प्रयोगमा ल्याइएका प्रश्नहरू

प्यारा भाइबहिनीहरू !

तपाईंहरूले समय समयमा कक्षामा विभिन्न किसिमका परीक्षा दिँदै आउनु भएकै छ । यो पनि त्यस्तै प्रकारको एउटा परीक्षा हो तर यो उत्तीर्ण र अनुत्तीर्ण गर्ने खालको भने होइन । यो परीक्षा विशुद्ध अनुसन्धान सम्बन्धी अध्ययनका दृष्टिले उपयोग गरिने हुँदा यसलाई विद्यार्थीको मूल्याङ्कन भनी नठान्नुहोला । तपाईंहरूको सक्रिय सहयोगले शोधकर्तालाई सत्य निष्कर्ष निकाल्न सहयोग हुनेछ । तपाईंहरूले हरेक अनुच्छेदहरूलाई पढ्नुहोस् र सोधिएका प्रश्नहरूको सही उत्तरमा रेजा (✓) चिह्न लगाउनुहोस् त्यसैगरी तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् ।

मिति .............. पूर्णाङ्क: ६०

नामः ................................................................... कक्षा :...... उमेर :......

छात्र/छात्रा :......... मातृभाषाः.............. समयः १:४५ मिनेट

जातिः ...........

विद्यालयको नाम र ठेगाना .......................................................................

पढिरहेको विद्यालयः सरकारी ☐ बोर्डिङ्ग ☐

### दृष्टांश अनुच्छेद

**१. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

पीपल (प्रबन्ध)

पीपल पहाड, उपत्यका र तराई सबै तिर पाइन्छ । यसको रुख अग्लो हुन्छ । हाँगाबिगा ठूला हुन्छन् । यो ठूलो हुन सक्ने कुरा माटो, हावापानी र बिउमा भर पर्छ । जुन ठाउँमा राम्ररी मलजल मिल्दछ, त्यहाँ यो ठूलो हुन सक्छ । यो प्रायः पोखरी, मन्दिर, दोबाटो र पाटी पौवातिर हुन्छ । मानिसहरूले यसलाई सार्वजनिक ठाउँमा रोप्ने गरेका छन् ।

पीपललाई धार्मिक महत्त्वका दृष्टिले पनि बडो आदर गरिन्छ । कसैले त यसलाई विष्णु भगवान्को अवतारको स्वरुप भनी श्रद्धा गर्छन । कोही रूख काट्नुहुन्न, काटेमा ठूलो पाप लाग्छ पनि भन्छन् । खास गरी हिन्दु धर्मावलम्बीहरू पूजा गरेर यसलाई जल चढाएमा, आरती गरेमा रोग कष्ट आदि नाश हुन्छन् भन्ने विश्वास गर्छन् ।

पीपल मानिस र पशुपक्षीका लागि निकै लाभदायी छ । आजको वैज्ञानिक दृष्टिकोणले पनि यसको धेरै महत्त्व छ । यसबाट प्राणीहरूलाई अक्सिजन प्राप्त हुन्छ । यसको छायामा बस्नेहरू दीर्घजीवी र बुद्धिमान हुन्छन् । यसका जरा, बोक्रा र फलबाट विभिन्न रोगका लागि औषधी बनाइन्छ । यसका जराका बोक्राहरू लुतोजस्ता छालाको रोगमा प्रयोग गरिन्छन् । त्यस्तै हरिया पातहरू पनि चर्मरोगको उपचारका लागि उपयोगी हुन्छन् । पाकेको फल पनि औषधीका रूपमा काम लाग्छ ।

पीपल सबै प्राणीहरूका निमित्त अमूल्य प्राकृतिक निधि हो । पौराणिक कालदेखि नै रुख र वनजङ्गललाई आध्यात्मिक दृष्टिले महत्वपूर्ण मानिँदै आएको छ । ठूलाठूला ऋषिमूनिहरूको तपोभूमि वन नै थियो । साहित्यकारहरूका रचनाहरूलाई हरियाली अर्थात् प्राकृतिक वर्णनले बढी प्रभाव परेको देखिन्छ । बोटबिरुवा अर्थात् वनसम्पदा मानिसका हितकै निमित्त हुन् । धार्मिक स्थलका कारणले होस अथवा प्राकृतिक सौन्दर्य बढाउन होस्, जुन रुपमा भए पनि बोटविरुवा सबै प्राणीजगत्कै निमित्त समर्पित छन् । यस अर्थमा पीपल पनि प्राणीहरूकै हितका लागि उपस्थित छ । पहिले पहिले त पीपलप्रति मात्र हैन सबै बोटविरुवा प्रति मानिसको भावना उदार एवम् पवित्र थियो । उनीहरू बोटविरुवालाई आफ्ना सन्तान जस्तै माया गर्थे । वृक्षरोपण गर्ने वृहत् कार्यक्रमको आयोजना हुन्थ्यो । अचेल वृक्षरोपण तर्फ मानिस जाति व्यग्र देखिए पनि त्यसको संरक्षण गर्न उसमा त्यति चासो रहेको पाइँदैन । पीपलका लागि पनि त्यही कुरो लागू हुन्छ । यस प्रति मानिसको जुन धार्मिक अवस्था थियो, त्यो दिनानुदिन घट्दै गएको पाइन्छ ।

रुख लगाउनाले र त्यसको स्याहार गर्नाले मानिसलाई नै फाइदा पुग्छ । यसलाई नै फाइदा पुग्छ । यसलाई सबै मानिस गम्भीरतापूर्वक सोच्नुपर्छ । रुख र मानिसको सम्बन्ध जन्मदेखि मृत्युपर्यन्त छ । घाँसपात, इन्धन, जडीबुटी आदि सबै बोटविरुवा कै उपहार हुन् । त्यसैले पीपललाई मठमन्दिर वरिपरि बाटाका छेउछाउ, पाढीपौवा र कुवा धारो नजिक जहाँ मिल्दछ त्यहाँ रोप अनि त्यहाँको वातावरण स्वच्छ, सुन्दर र सुरम्य पार । त्यसलाई तिमीहरू सबैले सामूहिक सम्पत्तिको रूपमा मान । नानी हो ! तिमिहरूले यस किसिमले पीपललाई माया गरेमा पीपल पनि प्राणीमात्रको कल्याणका लागि हर्दम तयार रहन्छ ।

**प्रश्नहरू**

क) पीपललाई के को प्रतीक मानिन्छ ?

..................................................................

..................................................................

ख) वैज्ञानिक दृष्टिकोणले पीपलको महत्व कस्तो रहेको छ ?

..................................................................

..................................................................

ग) पीपलका बोक्रा र पात कुन रोगका उपचारका लागि प्रयोग गरिन्छ ?

..................................................................

..................................................................

घ) पीपलको रुखबाट हामीलाई केके फाइदा हुन्छ ?

..................................................................

..................................................................

ङ) रुखविरुवाको संरक्षण गर्नाले वातावरणमा कस्तो प्रभाव पर्दछ ।

..................................................................

..................................................................

**२. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको सही उत्तरमा (✓) चिह्न लगाउनुहोस् :**

## खरानीको डोरी

एकादेशको दुर्गम गाउँमा बाबुछोरा मात्र भएको एउटा परिवार थियो । बाबुको नाम आङ्दावा र छोराको नाम आङफुर्वा थियो । उनीहरू गरिब थिए । उनीहरूसँग सम्पत्तिको नाउँमा एउटा सानो घरबाहेक अरू केहि थिएन । बाबुछोरा दुवै ज्याला मजदुरी गरेर जीवन चलाउँथे । त्यसमा धेरै पहिलेदेखि अशक्त बाबुआमालाई बुढेसकालमा जिउँदै जङ्गलमा लगी अलग रूपमा छाड्ने परम्परा रहेछ । यसलाई सरकारले पनि कानुनी मान्यता दिएको रहेछ । जङ्गलमा छोडिएका बुढाबुढी कतै हिडँडुल पनि गर्न नसक्ने र केही दिन बाँचेर भोकभौकै मर्ने गर्दा रहेछन् ।

आङ्दावा कालान्तरमा बुढो भयो र काम गर्न नसक्ने अवस्थामा पुग्यो । त्यहाँको चलन अनुसार आङ्फुर्वा बुढो बाबुलाई पिठिउँमा बोकेर जङ्गलतर्फ लाग्यो । लामो यात्रा पार गरेर बीच जङ्गलमा आङ्फुर्वाले बुढो बाबुलाई बिसायो । त्यहाँ पानीको सानो खोपिल्टो पनि

थियो । अव उसले साथमा घरबाट ल्याएको सामालतुमल बुढो बाबुलाई दियो । घामपानीबाट जोगिन स्याउलाको ओतको पनि व्यवस्था गऱ्यो । अब आङ्फुर्वाले बाबुसँग विदा दिएर घर फर्किने बिचार गऱ्यो । “बस्नुहोस् है बुबा, म अब घर फर्कन्छु । यहाँको चलन यस्तै हो । यसो भन्दा आङफुर्वाको गहभरि आँशु भयो । आङ्दावा केही बोल्न सकेन । उसले पनि आँसु ओभाइसकेका आँखा मिच्यो । बाबुछोरा दुबैलाई छुट्टिन मुस्किल परेको थियो । आङफुर्वातिर हेरेर आङ्दावाले भन्यो, “जा त जा, फेरि घर पुग्न रात पर्ला । बाटो बिराउलास् कि भनेर बाटामा बुट्यानका मुन्टाहरू भाँचेर मिल्काएको छु । त्यसलाई ख्याल गरेर जानू, गाउँ निस्कने बाटो कतै अलमलिने कुरो आउँदैन । तँ सजिलै गाउँ निस्कन सक्छस् ।” बाबुको यस्तो अक्कलका बारेमा आङफुर्वाले कुनै कल्पना सम्म गरेको थिएन । पिठिउमा बोकेर ल्याउँदा बुढा बाबु बाटाको आसपासका बुट्यानका मुनाहरू किन भाँच्छन् भन्ने कुरा भने उसलाई लागेको थियो । अब झन आङफुर्वा धर्मसङ्कटमा पऱ्यो । आफूप्रतिको बाबुको यस्तो अगाध मायाले गर्दा फर्किन उचालेको आङ्फुर्वाको पाइलो अघि बढ्न सकेन । उसले आफूलाई धिकाऱ्यो, आफ्नो देशको यस किसिमको चलन पनि उसलाई मन परेन । अशक्त हुँदैमा यस्तो घनघोर जङ्गलमा बाबुलाई अलपत्र छोडेर एक्लै घर फर्किन उसलाई आफ्नो मनले दिएन । उसले छरछिमेकीले समेत सुइँको नपाउने गरी बुढो बाबुलाई घरमा नै लुकाएर पाल्ने बिचार गऱ्यो । जङ्गलमा पुऱ्याएको बाबुलाई पिठिउँमा बोकेर फेरि आङफुर्वा घरतर्फ लाग्यो ।

अशक्त बाबुलाई लुकाएर आङफुर्वाले पालेको केही दिन भएको थियो । खरानीको डोरी बाटेर ल्याउने व्यक्तिलाई सरकारी खजानाबाट धेरै धनसम्पत्ति बक्सिस् दिनुको साथै ऊसित राजकुमारी विवाहसमेत गरिदिने राजाबाट घोषणा भयो । राजाले यस किसिमको घोषणा आफ्ना प्रजाहरू कतिसम्म जुक्तिवाल रहेछन्, त्यसको जानकारी लिन गरेका थिए । राजाका सिपाहीहरू राजाको यो घोषणा सुनाउन झ्याली र झ्याम्टा बजाउँदै गाउँघरको घरदैलौसम्म पुगे । राजाको यो घोषणा आङफुर्वाले पनि सुन्यो । उसले सबै कुरा आफूले लुकाएर राखेका बाबुलाई बतायो । गरिब र अविवाहित भएकाले आङफुर्वाका लागि यो अवसर निकै महत्त्वपूर्ण मानिनु स्वभाविकै हो ।

आङ्दावाले छोरालाई खरानीको डोरी बाट्ने जुक्ति बतायो । बाबुले भने बमोजिम आङफुर्वाले मस्याइलो सानो फल्याकको दुबै छेउमा काँटी ठोक्यो । बाबियोको खिरिलो डोरीको तान लगायो । पुरै सल्कने किसिमबाट त्यो डोरी बाल्यो । डोरी पनि नभन्दै जलेर

खरानी भयो उसले त्यसपछि त्यो फल्याकलाई नहल्लाइकन राजाकहाँ लग्यो । यो देखेर राजा धेरै खुसी भए तर घोषणा बमोजिमको बक्सिस दिने कुरा गरेनन् । आङफुर्वालाई सात दिन भित्र सम्पन्न गर्न भनी राजाले जुक्ति लगाउने समस्या दिए । आङफुर्वाले दुवैतर्फ बराबर गोलाई भएको काठको लट्ठीको फेद र टुप्पो पत्ता लगाउनुपर्ने भयो । आङ्दावाले लट्ठीलाई ठीक बीचमा डोरीले बाँध्न र डोरी हातमा लिएर त्यसलाई पोखरीमा विस्तारी डुबायो भने पानी सर्वप्रथम डुबेको भाग फेद र पछि डुबेको भाग टुप्पो हुने कुरा आङ्दावाले छोरालाई बतायो । आङ्फुर्वाले राजालाई लट्ठीको फेद टुप्पो बतायो । त्यसपछि राजा  खुसी हुँदै अर्को समस्या तीन महिना भित्र सम्पन्न गर्नका लागि भने । बजाएर त सबै बाजा बज्छन् नबजाई बज्ने बाजा दाखिला गर भनी समस्या राखे ।

आङ्दावाले नवजाई बज्ने बाजाको व्यवस्था मिलाउने उपाय पनि छोरालाई बताइदियो । आङ्फुर्वाले सानो प्वाल भएको सिमलको  डुँडलाई गोहोरोको पातलो छालाले दुवैतर्फबाट मोरेर त्यसलाई मौरीपालन गऱ्यो र भुनुन आवाज निकाल्यो र पातलो छालामा मौरीहरूले ठक्कर दिँदा सङ्गीतको मीठो स्वर सुनिन्थ्यो । उसले तीन महिना भित्रै आफ्नो हातले मौरीको यो घार राजाको हातमा होसियारी पूर्वक हस्तान्तरण गऱ्यो ।

१. आङ्फुर्वाको घर कहाँ थियो ?

क) दुर्गम गाउँमा    ख) सहरमा    ग) काठमाडौँमा    घ) पहाडमा

२. आङफुर्वाको बाबुको नाम के थियो?

क) आङ्काजी  ख) राजकाजी  ग) आङ्दावा  घ) आङ्शिव

३. आङफुर्वा के गरी जीवन चलाउथियो ?

क) चोरी डकैती    ख) जागिर गं) खेतीपाती    घ) ज्यालामजदुरी

४. आङ्फुर्वाको गाउँमा मानिस बुढो भएपछि कहाँ लग्ने चलन थियो ?

क) वृद्धाश्रम   ख)  सहर    ग) जङ्गल    घ) अस्पताल

५. आङ्फुर्वाले बाबु आङ्दावालाई जङ्गल पुऱ्याएर फर्काएर ल्याएपछि कहाँ राख्यो ?

क) घरमा    ख) मन्दिरमा   ग) छिमेकीकामा    घ) जङ्गलमा

६. आङ्दावाले छोराले बाटो नबिराओस भनी बाटामा के राखेको थियो ?

क) बट्यानका मुन्टा   ख) दाउरा    ग) ढुङ्गा    घ) खरानी

७. आङ्फुर्वाले बाबुलाई घामपानीबाट जोगिनका लागि जङ्गलमा के व्यवस्था गर्‍यो ?

क) टिनको ओत ख) परालको ओत ग) स्याउलाको ओत घ) कुनै पनि होइन

८. 'खजाना' शब्दको अर्थ हुन्छ ?

क) खानेकुरा ख) ढुकुटी, भँडार ग) खाजा घ) खप्ने

९. राजाको घोषणा सुनाउन गाउँमा को आयो ?

क) कर्मचारी ख) गाउँलेहरू ग) मन्त्रीहरू घ) सिपाहीहरू

१०. सिपाहीहरू राजाको घोषणा सुनाउन गाँउघरमा कसरी पुगे ?

क) झ्याली र झ्याम्टा बजाउँदै ख) गीत गाउँदै

ग) सूचना भन्दै घ) चिठी लिएर

११. आङफुर्वा कस्तो व्यक्ति थियो ?

क) गरिब ख) धनी ग) जागिरे घ) व्यापारी

१२. आङफुर्वाले डुँडलाई के को छालाले मोरेको थियो ?

क) बाघको ख) भैँसीको ग) गोहोराको घ) मृगको

१३. खरानीको डोरी बनाउन आङफुवाले केको डोरी बनाएर बाल्यो ?

क) परालको ख) बाबियोको ग) प्लास्टिकको घ) कपडाको

१४. आङफुर्वाले डुँड बनाएर त्यस भित्र के राख्यो ।

क) भमरा ख) कुखुरा ग) बारुला घ) मौरी

१५. राजाले आङफुर्वालाई लट्ठीको फेद र टुप्पो पत्ता लगाउन कति दिनको समय दिए ?

क) १५ दिन ख) ७ दिन ग) १० दिन घ) २ दिन

१६. असक्त बाबु आमालाई जिउँदै जङ्गलमा छोड्ने कानुनी मान्यता कसले दिएको थियो ?

क) सरकारले ख) गाँउलेले ग) छोराछोरीले घ) नातागोताले

१७. राजाले कस्तो व्यक्तिसँग राजकुमारीको विवाह गर्ने घोषणा गरेका थिए ?

क) विद्वान ख) सम्पन्न ग) खरानीको डारी बाटेर ल्याउने घ) विपन्न

१८. दुर्गम शब्दको अर्थ के हुन्छ ?

क) सुविधा विहिन, विकट ठाँउ ख) सुविधा युक्त ठाँउ

ग) सुगम ठाँउ घ) पहाडी गाँउ

१९. आङफुर्वाले मौरी पाल्न के को डुँड प्रयोग गरेको थियो ?

क) साल ख) सल्ला ग) उत्तिस घ) सिमल

२०. राजाले घोषणा गरेका समस्या समाधानमा आङफुर्वालाई कसले सहयोग गऱ्यो ?

क) छिमेकीले ख) बाबुले ग) आमाले घ) साथीले

## अदृष्टांश अनुच्छेद

**३. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको संक्षिप्त उत्तर दिनुहोस् :**

**लागूपदार्थ दुर्व्यसन**

जुन पदार्थले हाम्रो मस्तिष्क तथा अन्य अङ्गहरूलाई नकारात्मक असर पारी शरीरको नास गर्दछ त्यस्तो पदार्थलाई लागूपदार्थ भनिन्छ । यस्तो पदार्थको सेवनलाई एक विकराल सामाजिक विकृतिको रूपमा लिइन्छ । यसको बेचविखन र ओसारपसार गर्ने कार्य जघन्य अपराध हो । गाँजा, अफिम, हेरोइन्, कोकिन, सूर्ति, स्म्याक, निकोटिन बढी भएको औषधी म्यान्डेक्स रक्सी आदि लागूपदार्थ हुन् । केही लागूपदार्थ कम खतराजनक छन् भने केही अत्याधिक खतरायुक्त छन् । रक्सी, सूर्तीजस्ता लागूपदार्थ कम खतरा भएकाले विक्री वितरण र उत्पादनमा रोक नलगाएको हो । अन्य केही लागूपदार्थ हानिकारक भएकाले उत्पादन तथा बिक्री वितरणमा रोक लगाइएको छ ।

लागूपदार्थले मानिसको स्नायु र मस्तिष्कलाई प्रत्यक्ष रुपमा प्रभाव पारी शरीरलाई शिथिल तथा उत्तेजित बनाउँछ र समाजमा अनावश्यक समस्याको सिर्जना भएपछि आफै लज्जित हुनुपर्दछ । धुम्रपान तथा सूर्ती सेवनले निल्ने तथा सुईको माध्यमबाट प्रयोग गर्ने खालका नशालु पदार्थहरु हाम्रो देशमा बढी प्रचलनमा आएको देखिन्छ ।

लागुपदार्थ ओसारपसार तथा यसको प्रयोगको रोकथामका लागि विश्वको ध्यानकेन्द्रित हुनुपर्दछ । यस्तो उत्पादनदेखि सेवनसम्मको रोकथामका लागि केन्द्रित कार्यक्रम विभिन्न देशहरूबाट सञ्चालन भएका छन् । यसको निराकरणका लागि सरकारले कडा कानुनको व्यवस्था र यसको प्रभावकारी कार्यन्वयन उपचार तथा पुनस्थापना केन्द्रहरू

मार्फत व्यवस्थापकीय सहयोग कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ । लागुपदार्थको प्रयोग गरेका व्यक्तिहरुलाई औषधी गर्नु भन्दा लागूपदार्थ सेवन गर्नबाट रोक्न सक्नु नै यसको उचित समाधान हो ।

**प्रश्नहरु**

क. लागूपदार्थ भनेको के हो ?

.............................................................................................................

.............................................................................................................

ख. लागू पदार्थ भित्र के के पर्दछन् ?

.............................................................................................................

.............................................................................................................

ग. हाम्रो देशमा कस्ता लागूपदार्थहरु बढी प्रचलनमा आएका छन् ?

.............................................................................................................

.............................................................................................................

घ. लागूपदार्थले मानिसलाई कसरी प्रभाव पार्दछ ?

.............................................................................................................

.............................................................................................................

ङ. लागूपदार्थ सेवनलाई रोकथाम गर्न के कस्ता उपायहरु अपनाउन सकिन्छ ।

.............................................................................................................

.............................................................................................................

४. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरुको सही उत्तरमा (✓)चिह्न लगाउनुहोस् :

## रातभरि हुरी चल्यो

छानामा ठोकेको मट्टितेलका टिनहरुलाई हावाले फेरि खल्टाङ खल्टाङ खट्खट् खल्टाङ गर्दै एकोहोरो तौरले हल्लाउन थालेको छ । छप्परै उडाएर लैजाला भन्ने मनभित्रबाट डर लागेर आउँछ ।

घरभित्र छिरेको हावाले हल्लाएको ढिब्रीको धमिलो उज्यालोमा कालेका बाबु र आमा दुबैले माथि धुरीरित हेरे । दाउरा बालको धुवाँले रङ्गिएका काला टिनहरु, अहिले कुनै कुनै

पानीका मसिना दानाहरु पसिना आए झैँ देखिन्छन् । घुर्पिस र पिपलीका उस्तै काला भटाहरुले चारपाटे टिनका ती असी नब्बे टुक्राहरुलाई हावादेखि पक्रिराखेको छ ।

'हावा पनि यै डाँडामा चैँ कत्ति चलेको । त्यसको सास ।' अलिक हावा मत्थर भएर टिन बज्न छोडेपछि कालेकी आमाले भनी अनि अगेनामा आगो जोर्न लागी ।

'पटक्क थामिँदैन ।' कालेको बाबुले पनि भन्यो फेरि पानी घ -र-र वैरिन थालिहाल्यो । "पानी पर्दा अब फेरि पहिराको डर !" भन्यो कालेको बाबुले

-"यो चैँ ठाँउमा बास बसाउन जानिएन रै छ ।"

पानी सारो दर्किन थाल्यो । छप्परमा टिन कराएको कान खाने आवाजमा अगेनामा आगोको ज्वाला लप्कँदै नाच्न लागेको छ । अझ जोडले झरी परेपछि त छुट्टाटुट्टै थोप्लाका शब्दहरु सुनिन छाडेर एउटै लामो आवाज दरररमा चारै दिशाडुब्यो । अब सव बगाएर लैजान्छ । पहिरोले तान्छ, सब सोहोरेर माथिबाट  छोप्ता .... यो घर पहिरोले लाँदै छ, हामीलाई तान्दै लाँदै छ जस्तो लाग्यो ।

'हे महाकाल बाबा । तिमी छौ राख्ने बचाउने ।' बतासले हिर्काएर तेर्सो बाछिटा भित्ताको तख्तामा ठोकिदै छ । तख्ता जम्मै भित्रपट्टि पनि भिजिसकेको छ । सधैँ भित्ता सटाइएको टाँढ अलिक पर पानी नखस्ने ठाउँमा सारिएको छ । काले बहिनीलाई समातेर निदाएको छ । 'तेरै जिद्धीले यस्तो ठाउँमा घर बनाएको ।' लोग्नेले एकाएक झोक्किएर भन्यो । 'नभएदेखि मजासँग पुलिस काम गरेर बजारबीचमा बिल्डिङमा बस्दै थियौ हावाको डर न पहिरो डर ....'

स्वास्नीले केही भनिन ।

'बडा बारी गर्ने भइस । ठूलो भाग खालिस् ' ऊ आफै फत्फतायो रिसले ।

'तिमी जाऊ न सुत ढुक्कसँग ...' कालेकी आमाले अहिले भनी "असारे झरी यस्तै त हुन्छ, के गर्नु, बर्सेपिच्छे यस्तै हुन्छ, मऱ्यौ भने पहिरोले मऱ्यौँ, के गर्नु काल आयो भने ............।"

"काल खोज्न आईस मर्छेस् पनि ।"

पानी अलि अलि कम हुँदै आयो । स्वास्नीले मगमा चिया दिई । निक्कै पर्न कम भएपछि बलेसी देखि पोखिएर खसेको पाानी पनि सुनिन थाल्यो ।

चिया खाँदै उसले सोध्यो ।'कति बज्यो होला ?'

खै   कुन्नि कति बज्यो बज्यो होला एक चार बाह्र ...'

कालेकी आमाले भनी अनि हाइ काढी दुईपल्छट ।

'अब त रहन्छ होला कि ?'

'रहनु पर्ने .....'

चिया खाइसकेर ऊ उठ्यो दैलो तिर जाँदा चुहेको पानी थापेको भाँडा लात्ताले हिर्काएछ, पानी छताछल्ल भयो ।' कस्तो आँखा नहेरेको ' भन्दै स्वास्नी चाहिँले बोरा ल्याएर ओछ्याई ।

उसले केही भनेन ।

दैलो खोलेर बाहिर अँध्यारोमा सुन्दा रुङदुङ खोला भयानक खोलेर तौरले पाखै थर्काएर गर्जदै रहेछ । बीचबीचमा अरु किसिमको आवाज पनि भएको जस्तो लाग्दा उसले खोलाले सिङ्गै खनिउको रुख बगाएर ल्याएको वा पहिरो झरेर माटोले खोलाको पानी जम्मै पहेँलो भएको अन्दाज काट्यो ।  अँध्यारोचाँहि आफ्नो हात नदेखिने अँध्यारो छ । फर्केर घरभित्र नपसी उसले फेरि बाहिर अँध्यारैदेखि नै स्वास्नीलाई करायो' टर्च ल्याऊ, टर्च ।'

सिरानमुनि देखि झिकेर कालेकी आमाले पुरानो कालो टर्च लाइट पुग्याइदिई ।

'गोठको च्यादरहरु सब उडाइदेको छ ' भन्दै कालेको बाबु टर्च बालेर घरमुनि झऱ्यो । आँखा आकारको टर्चको ज्योति भिजेको भुँइ र घाँसतिर देखियो ।

कालेकी आमा पछिपछि आई । गोठमा पस्दा भूइँमा थ्याच्च शरीर टेकाएर बसिरहेको गाई जुरुक्क उठ्यो  एकपल्ट 'बाँ' करायो ।

छानादेखि चुहेको पानीले गाईको पिठिउँ भिजेको छ रौंहरु सब टाँसिएका छन् ।

उडाएका टुक्रा च्यादरहरु बटुलेर कालेको बाबु गोठको छप्परमा चढ्यो । टिनहरु मिलाएर ढुङ्गाले थिच्न थालियो । सिमसिमे पानी परिरहेकै थियो ।

कालेकी आमाले भुईमा खोजेर एउटा ठुलो लेउ परेको चुच्चे ढुङ्गा उखेलेर छप्पर लोग्नेलाई चढाइदिई । त्यसलाई छप्परलाएपछि उसलाई लोग्नेले भन्यो -" तिमी जाऊ, निकै बाक्लो पर्न थाल्यो फेरि । म अलिकती घाँस लाईदिएर आउँछु ।"

"अब हिडँ न सँगै ....." स्वास्नीले भनी । कालेकी आमा पर्खिरही ।

“तिमी घाँस हाल्दै गर तब, म यत्ति मिलाएर ,ए, टर्च मलाई कसले देखाईदिन्छ ? पर्खपर्ख अब सकिहाले …………………।

पर्खिदापर्खदै कालेकी आमाको अनुहारभरि र मजेत्रोलाई पनि छिचोलेर पानी बग्न थाल्यो बल्ल बल्ल सकेर कालेको बाबु झऱ्यो । र हत्तारहत्तार घाँस हालेर दुबै घरमा पसे । पानी फेरि मच्चिदै आयो ।

लुगा फेरे पछि दुबै नाटकमा माग्नेको पाठ लेख्न तयार भएका जस्ता देखिए । जुलुलु आगो फुकेर दुबै सुक्न र सेकिन लागे ।

“चिया छ ? ” उसले फेरि सोध्यो । “अब नसुत्ने र ? ” उत्तरमा प्रश्न आयो ।

“तिमी सुत मलाई चिया बसाल्देउ ।”

कालो कित्ली तानेर कालेकी आमाले त्यसमा मगले उगाएर पानी हाल्न थाली ।

“भरी बसाइदेउ ।” उसले फेरि भन्यो । स्वास्नीले त्यसै गरी ।

कालेको बाबु उँभो छप्परतिर हेर्दै थियो, फेरि उठ्यो अनि दाम्लो बनाउन ल्याएर सिउरीराखेको डोरी झिकेर बलोमा बाँध्न लाग्यो । अर्को छेउ भुँईमा कहाँ बाधु भनेर खोज्दै थियो, जाँतो देखियो ।

“त्यो ल्याउ ………….. ”

“किन ?”

“हावाले कस्तो गर्छ ।”

कालेकी आमाले केही भन्न सकिन । कुदाउदै लगेर जाँतो खुट्टानेर पुऱ्याइदिई ।

डोरीको लठारो जाँतोमा कसेपछि कालेको बाबु केही निश्चय भयो ।

कित्लीमा चिया रङ्ग छ्वास्स हालिराखिदिएर कालेकी आमा त्यही टाँडमा सुत्न चढी ।

कालेको बाबु एक्लै बिचारमा पऱ्यो । चिया उम्लेर कित्लीको टुटी देखि फिँजदार पानी आगोमा खस्दा मात्र उ झस्कीयो विचारदेखि ।

चिया बनाउदै थियो , हुरुरुरु एक पल्ट हावा चल्यो अनि छप्परमा ठङ्ग केही आएर खस्यो । उत्तिसको टुप्पो होकी ? तर कालेको बाबु एक दम तर्सियो ।

प्रश्नहरु

१). कालेको घरको छानो के ले छापेको छ ?

(क) खरले (ख) टायलले (ग) तेलको टिनले (घ) जस्तापाताले

२). कालेका बाबु आमा त्यो रात के बालेर बसेका थिए ?

(क) विजुलीको चिम (ख) दियालो (ग) मैनबत्ति (घ) ढिब्री

३). कालेको घरका छानालाई के -केका भाटाले चेपिएको छ ?

(क) घुर्पिस र पिपली (ख) मालबाँस र पट्याङ

(ग) विवा र सखुवा (घ) सिमल र वनबाँस

४) कालेकी आमाले हावालाई सराप्दै के गर्न थालिन् ?

(क) सुत्न (ख) ओछ्यान मिलाउन

(ग) आगो जोर्न (घ) श्रीमान् सँग गफ गर्न

५) पानी पर्न थालेको कति हप्ता भएको थियो ?

(क) एक हप्ता (ख) दुई हप्ता (ग) तीन हप्ता (घ) चार दिन

६) पानी परेको बेलामा कालेको गाउँमा केको डर हुन्थ्यो ?

(क) चोरको (ख) स्यालको (ग) खोलाको (घ) पहिरोको

७) पानी दर्किदा कालेको बाबुलाई कस्तो लाग्यो ?

(क) पहिरोले तान्दै छ (ख) हावाले उडाँउदै छ

(ग) घरको छाना उडाउँदै छ (घ) केही हुदैंन

८) पानीको बाछिटा कहाँसम्म पुग्दै छ ?

(क) खाट (ख) तख्ता (ग) भित्ता (घ) चला

९) "तेरै जिद्धीले यस्तो ठाउँमा घर बनाएको " यो भनाई कस्ले कस्लाई भनेको हो ?

(क) कालेले कालेकी बहीनीलाई (ख)कालेको बाबुले कालेलाई

(ग) कालेको बाबुले कालेकी आमालाई (घ) कालेकी आमाले कालेको बाबुलाई

१०) गाउँमा आउनुभन्दा पहिले कालेको बाबु के काम गर्थ्यो ?

(क) चालक (ख) किसानी (ग) राजनीति (घ) पुलिस

११) समयानुसार आफुलाई समायोजन गर्ने पात्र को हुन् ?

(क) कोलेकी आमा (ख) कालेको बाबु (ग) काले (घ)कालेकी बहिनी

१२) पानी रहने कुरामा को विश्वस्त छ ?

(क) काले (ख) कालेको बाबु

(ग) कालेकी आमा (घ) कालेको बाबु र आमा

१३) पानी थापेको भाँडोलाई कस्को लात्ताले लागेको हो ?

(क) कालेकी बहिनी (ख) कालेकी आमा (ग) काले (घ) कालेको बाबु

१४) पानी केही मत्थर भएपछि कालेको बाबु कहाँ गयो ?

(क) बाहिरतिर (ख) ओछ्यानतिर

(ग) अगेनाको छेउ (घ) श्रीमतीको छेउ

१५) सानो पिलपिल बल्ने टर्चलाईटको ज्योति कस्तो आकारको छ ?

(क) चारकुने (ख) आँखो (ग) घाम (घ) बत्ती

१६) कालेको बुवाले गोठमा के बाँधेको छ ?

(क) कुकुर (ख) घोडा (ग) भैंसी (घ) गाई

१७)"तिमी जाऊ, निकै बाक्लो पर्न थाल्यो फेरि"भन्ने भनाई कस्ले कस्लाई भनेको हो ?

(क) कालेको बाबुले कालेकी आमालाई (ख) कालेको बाबुले कालेलाई

(ग) कालेकी आमाले कालेलाई (घ) कालेको आमाले कालेको बाबुलाई

१८) कालेको बाबुले घाँस हाल्दा कालेकी आमाले के गरी ?

(क) घाँस हाल्न सघाइ (ख) टर्च देखाइन्

(ग) उभिएर हेरिन् (घ) घरतिर आइन्

१९) चिया बसालेर कालेकी आमा कहाँ गइन् ?

(क) बाहिर (ख) चर्पी (ग) सुत्न (घ) नुहाउन

२०) चिया उम्लिरहेको बेला कालेको बाबु के गरिरहेका थिए ?

(क) विचार गरिरहेका (ख) डोरी बाटीरहेका

(ग) निदाइरहेका (घ) बाहिर हेरीरहेका